ehetaudasandesh.com
हेटौंडा संदेश राष्ट्रिय दैनिक
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३२७ ॥ सोमबार ४ जेठ २०८३ ॥ द्वितीया ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Monday 18 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## स्वीकृत विदेशी लगानीको १४ प्रतिशत मात्रै भित्रियो


सन्देश संवाददाता

काठमाडौं/नेपालमा स्वीकृत विदेशी लगानीको तुलनामा वास्तविक भित्रिने रकम अत्यन्तै न्यून रहेको छ।

महालेखापरीक्षकको कार्यालयको ३३औं वार्षिक प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा एक हजार नौ विदेशी लगानीकर्ताबाट रु ७९ अर्ब ६९ करोड बराबरको लगानी प्रस्ताव स्वीकृत भएको थियो। त्यसमा जम्मा ९७ लगानीकर्ताबाट मात्रै रु ११ अर्ब ३० करोड मात्र भित्रिएको छ। यो स्वीकृत लगानीको १४ प्रतिशत हो।

सार्वजनिक प्रतिवेदनअनुसार पछिल्लो समय वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक प्राप्तिको अनुपात क्रमशः घट्दो देखिएको छ। आव २०७९/८० मा स्वीकृत रु ३२ अर्ब ४८ करोडको प्रस्तावमध्ये रु नौ अर्ब २० करोड प्राप्त भएको छ। जुन समग्रमा २८ प्रतिशत हो। त्यस्तै आव २०८०/८१ मा स्वीकृत भएको लगानीको जम्मा १३ प्रतिशत मात्रै प्राप्त भएको देखिन्छ। सो आवमा रु ८१ अर्ब ६९ करोडको लगानी स्वीकृत भएकामा रु १० अर्ब २९ करोड मात्रै प्राप्त भएको थियो। यो तथ्याङ्कले वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक प्राप्तिबीचको विवरण फराकिलो हुँदै गएको देखाउँछ।

## पालुङमा आलु किलोको १० रुपैयाँ



सन्देश संवाददाता

हेटौंडा / सस्तोमै आलु बेच्नु परेपछि मकवानपुरको थाहा नगर पालिकाका कृषक लगानी नै नउठ्ने चिन्तामा छन्। थाहा नगर पालिकाको दामन, पालुङ, बज्रबराही, चित्लाङका कृषक यतिबेला धमाधम आलु खन्न व्यस्त छन्।

उत्पादित आलुको मूल्य अत्यन्त न्यून भएको उनीहरुको गुनासो छ। व्यापारीले खेतमै गएर कृषकबाट अहिले सेतो आलु प्रतिकेजी १० र रातो प्रतिकेजी १२ रुपैयाँमा खरिद गरिरहेका छन्।

गत वर्ष खेतबाटै सेतो प्रतिकेजी २० र रातो २५ रुपैयाँ बिक्री गरेका थिए। 'गत वर्षको आलुको उत्पादन पनि राम्रो थियो, भाउ पनि सुहाउँदो थियो, अहिले उत्पादन पनि घटेको छ, भाउ पनि छैन,' थाहा-३ का कृषक मुरारी खत्रीले भने,'बोट मरिसक्यो आलु खन्न परिहाल्यो, सुरक्षित भण्डारण गर्ने ठाँउ छैन, सस्तो भए पनि बिक्री गर्न परि गो।' वैशाखमा नियमितजसो पानी पर्दा डढुवा रोगले छिटै बोट मरेकाले आलुका दाना बढ्न नपाएको थाहा नगर पालिका कृषि शाखाकी प्रमुख बालकुमारी भट्टराईले बताइन्। यसपाली दाना सानो आकारका फलेको उनले बताइन्।

आलु खरिद गर्न व्यापारीहरु तराजु लिएर खेतमै पुगेका छन्। आलु भण्डारण गर्ने व्यवस्था नहुँदा खेतबाटै सस्तो मूल्यमै बिक्री गर्न बाध्य रहेको नेपाल तरकारी व्यवसायी संघ उत्तरी क्षेत्र मकवानपुरका अध्यक्ष राजेन्द्र विडारी बताउँछन्। '१० रुपैयाँ किलोमा बेच्दा त लागत मूल्य पनि पाउन सकेका छैनन्,' उनले भने,'यो वर्ष फलेको पनि कम छ। त्यसमै भाउ पोहोर भन्दा आधा कम भयो।'

बजारमा भारतीय आलु पनि सस्तो भएर आएकाले यहाँको उत्पादनले भाउ नपाएको अध्यक्ष विडारीले बताए। बेमौसमी तरकारी खेतीको पकेट क्षेत्रका रुपमा चिनिएको थाहामा आलु बढ्ने बेलामा बोटमै रोग लागेकाले उत्पादनसँगै दानाको आकार पनि घटेको थाहा-३ का कृषक सुदर्शन विष्टले बताए।

१२ वडामा विभाजित थाहा नगरपालिकाका बासिन्दाको मुख्य आम्दानीको स्रोत तरकारी खेती हो। सबैभन्दा बढी आम्दानीको हिस्सा ओगट्ने आलुको उत्पादन र मूल्यमा गिरावट आउँदा स्थानीयको आम्दानी नै प्रभावित हुने गर्छ। थाहाको ६ हजार ३ सय रोपनी जग्गामा आलु खेती गरिन्छ। गत वर्ष झण्डै ७ हजार टन आलु उत्पादन भएको थियो। वैशाखमा दैनिकजसो वर्षा भएकाले आलुबाहेक अन्य तरकारी उत्पादन र बिक्रीमा पनि समस्या भएको कृषि विकास शाखा प्रमुख भट्टराईले बताइन्।

यहाँ उत्पादन हुने आलु काठमाडौं, पोखरा, हेटौंडा, बुटवल, भरतपुरलगायत विभिन्न सहरमा बिक्री हुने गर्छ। थाहाले आलुबाटमात्र करिब ५७ देखि ६० लाख रुपैयाँ राजस्व संकलन गर्दै आएको छ। यहाँबाट निर्यात हुने आलुलगायत अन्य तरकारीमा ५२ वर्षदेखि स्थानीय कर लगाइदै आएको छ।

२०३१ सालदेखिरुपचन्द्र विष्ट 'थाहा'ले दामन र पालुङमा आलुमा कर लगाउन सुरु गरेका थिए। उक्त करबाट संकलन भएको रकम यस क्षेत्रको शैक्षिक विकास एवं भौतिक पूर्वाधारका लागि खर्च गरिँदै आएको थियो। उक्त कर अहिले नगर पालिकाले तोक्ने गरेको छ। यस क्षेत्रमा विसं २०१८ सालदेखि व्यावसायिक रुपमै आलु खेती सुरु गरिएको स्थानीयको भनाई छ।

स्थानीयले अहिले कार्डिनल, डेजुरे, खुमल रातो, जनकदेव, कुखुरे ज्योती र साजिटा जातका आलुको बीउ लगाउने गरेका छन्। माघ पहिलो सातादेखि रोप्न सुरु गरेको आलु जेठमा गरिन्छ। तर, यसपाली वर्षाले डढुवा फैलिँदा चाँडै बिक्रि गरेका हुन्।




## छलफल भन्दा समस्या समाधानबारे सक्रियता जरुरी

सन्देश संवाददाता

हेटौंडा। हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१७,स्थित हटियामा रहेको शिवम शिमेन्ट उद्योगबाट निस्कने प्रदुष्ण नियन्त्रणका लागि छलफल भन्दा पनि समस्या समाधानका लागि गर्न सकिने उपायबारे बुझ्न आवश्यक रहेको स्थानीय वासिन्दाहरुले बताएका छन्। आइतबार सेवा, सहयोग र आवाजमा हामी संस्थाले शिवम सिमेन्ट उद्योगबाट उत्पन्न धुलो प्रदूषण, वातावरणीय असर, स्थानीय बासिन्दाको स्वास्थ्य, कृषि तथा जनजीवनमा परेको प्रभावका सम्बन्धमा "जनताको प्रश्न, सम्बन्धित निकायको उत्तर" शीर्षकमा आयोजना गरेका सार्वजनिक सुनुवाइ कार्यक्रम आफ्नो गुनासो राख्दै हेटौंडा-१६ र हेटौंडा-१७ का स्थानीय वासिन्दाहरुले त्यस उद्योगबाट स्थानीय वासिन्दाहरुलाई परेको समस्या समाधानका लागि के गर्न सकिन्छ भन्ने कुराको निष्कर्ष निकाल्न आवश्यक रहेको उनीहरुले बताएका छन्।

शिवम सिमेन्ट उद्योगबाट निस्किएको धुँदो तथा अनावश्यक बिग्रिएको सामाग्रीहरुलाई कस्तो ठाउँमा र कसरी व्यवस्थापन गरिएको छ भन्ने कुराको उनीहरुले प्रश्न गरेका हुन्। जबकी उक्त सार्वजानिक सुनुवाई कार्यक्रममा सिमेन्ट उद्योगका कुनै प्रतिनिधिहरुको भने उपस्थिति रहेको थिएन। वडाका स्थानीय वासिन्दाहरुमाथि हावा, हुरी, हुन्दरी र वर्षा आएको समस्या बढी असर पर्ने गरेको उनीहरुले गुनासो गरेका थिए। अहिले विज्ञान र प्रविधिको युगको समयमा शिवम् सिमेन्ट उद्योगबाट निस्कने धुलो र धुँवाका न्यूनीकरणका लागि प्रविधिको प्रयोगमार्फत मज्जाले व्यवस्थापन गर्न सकिने सुझाव दिएका छन्।

वडाका वासिन्दा तथा राष्ट्रिय स्वतन्त्र पार्टी -रास्वपा)का र्याट विभाग प्रमुख महेन्द्र श्रेष्ठले शिवम उद्योग कम्पनीको ट्रकले बढी ओभर लोडेड सामाग्रीको ढुवानी गरेको कारणले दुर्घटना हुने गरेको गुनासो गरेका छन्। रास्वपाका ऱ्याट विभाग प्रमुख महेन्द्र श्रेष्ठले शिव उद्योगको कर्मचारीले ओभर लोड गरेको अवस्थामा चालक, सहचालकलाई जरिवान गराएर मात्र छोड्नुभन्दा पनि उनीहरुका लागि एउटा सचेतना मूलक कार्यक्रम गरेर चेतवानी दिन आवश्यक रहेको उनले बताए। वडाका रहेको ७, ८ वटा विद्यालयमा त्यसको प्रदुष्णको प्रत्यक्ष असर परेको उनले बताए। नितान्तको जनताको आवाजको विषयमा बोल्न जरुरी रहेको उनले बताए। शिवम् सिमेन्ट उद्योगले सामाजिक उत्तर दायित्व पालना गर्दै समस्या समाधान गर्ने भनेर धेरै पहिले प्रतिवद्दता व्यक्त गरेपनि कार्यन्यन भने नगरेको उनले बताए।

वडाका स्थानीय वासिन्दा चर्तुभूज उपाध्यायले शिवम सिमेन्ट उद्योगको ३० मिटरको वरपर आफ्नो घर भएको कारणले धेरै समस्याबाट गुज्रिनु परेको गुनासो गरेका छन्। उनले शिवम सिमेन्टको अत्याचारको कारणले धुँलो र धुँवामा रुमालिएर बाँच्नुपरिरेको जानकारी गराए। उनले सार्वजानिक सुनुवाई कार्यक्रममा सिमेन्ट उद्योगको कुनै कर्मचारी तथा प्रतिनिधिहरुको उपस्थिति नभएकोमा आपत्ती जनाउँदै यसको समस्या समाधान गर्नका लागि पहल गर्ने कि नगर्ने भन्ने विषयमा प्रश्न गरेका छन्। उनले भने-हामी जस्ता मनिसहरुको पीडा कसले बुझ्ने ?, कसले सुन्ने ?, शिवम उद्योग सञ्चालन र बन्दको हामीलाई मतलब भएन तर धुँलो धुँवा हाम्रो घर आगन सम्म आउनु भएन्। स्थानीय वासिन्दाहरुको समस्यालाई वेवास्ता गरेको गुनासो गर्दै उनले धुँलो र धुँवाको प्रदुष्ण नियन्त्रण हुनुपर्ने माग राखेका छन्। शिवम् सिमेन्ट उद्योग प्रदुष्ण नियन्त्रण गर्ने निकाय कुन हो ? प्रत्यक्ष मारमा हामी परेका छौं। भाषण भन्दा पनि काम गरेर जनतालाई विश्वास दिलाउने तर्फ लाग्नुपर्ने उनको सुझाव थियो।

अर्को स्थानीय वासिन्दा रामचन्द्रले उद्योगमा कतिको अनुगमन भएको छ भन्ने कुराको प्रश्न गर्दै वडाका वासिन्दाहरुको पीडालाई कसैले मध्य नजर नगरेको बताए। यसको समस्या समाधानका लागि आधिकारिक रुपमा समस्या समाधानका लागि पहल नभएको जीकिर गरे। उनले यस विषयमा ठोस पहल गरेर वर्षौ देखि उद्योग बन्द गर्ने विषयमा ठोस निष्कर्ष निकाल्न नसकेको बताए।

कार्यक्रममा सहभागी भएका नेपाली काँग्रेस हेटौंडा उपमहानगर पालिका कमिटीका अध्यक्ष उत्सव इटेनीले सबैले व्यवसायी गर्दै गर्दा अरुलाई हानी नोक्सानी पुऱ्याउने काम गर्न नहुने धारणा राखेका छन्। वडाका वासिन्दाहरुलाई परेको समस्याको मर्मलाई आफूले बुझेको र यसको समस्या समाधान गर्नका लागि आफूले कदम चाल्ने विश्वास दिलाएका छन्। यस विषयमा बागमती प्रदेशका मुख्यमन्त्री

## उपमहानगरपालिको सेवा क्षेत्र बढ्दै

सन्देश संवाददाता

हेटौंडा/उपमहानगरपालिका र आन्तरिक राजश्व कार्यालय, हेटौंडाबीच मिति २०८३ वैशाख २९ गते सम्पन्न सम्झौताअनुसार हेटौंडा उपमहानगरपालिकाले २०८३ जेठ १३ गतेदेखि करदातासँग सम्बन्धित विभिन्न सेवाहरू स्थानीय तहबाटै प्रदान गर्ने भएको छ।

करदातालाई सहज, छिटो तथा पहुँचयुक्त सेवा उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको यस व्यवस्थाअन्तर्गत नगरपालिकाबाट करदाता दर्ता, स्थायी लेखा नम्बर (एब्ल) सम्बन्धी सेवा, मूल्य अभिवृद्धि कर (ख्ब्त) दर्ता लगायतका सेवाहरू उपलब्ध हुनेछन्।

उपमहानगरपालिकाले प्रदान गर्ने प्रमुख सेवाहरू यसप्रकार रहेका छन्:

क) व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर (एब्ल) दर्ता गर्ने
ख)अन्तःशुल्क दर्ता तथा इजाजतपत्र नवीकरण सम्बन्धी कार्य गर्ने
ग)व्यक्तिगत एब्ल लाई व्यावसायिक एब्ल मा रूपान्तरण गर्ने घ)करदाता विवरण तथा अभिलेख अद्यावधिक गर्ने
ङ)करदाताको प्रोफाइल तयार तथा अद्यावधिक गर्ने
च)मूल्य अभिवृद्धि कर (ख्ब्त) मा दर्ता गर्ने
छ)आयकरबाट ख्ब्त मा रूपान्तरण गर्ने
ज)दर्ता खारेजी सम्बन्धी कार्य गर्ने
झ)कर चुक्ता प्रमाणपत्र जारी गर्ने
ञ)कार्यालय स्थानान्तरण तथा शाखा थप सम्बन्धी सेवा प्रदान गर्ने
ट)करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
ठ)करदाताको बक्यौता लगत सम्बन्धी कार्य गर्ने

करदाताले सामान्य कर प्रशासन सम्बन्धी सेवाका लागि आन्तरिक राजश्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुने तथा स्थानीय स्तरमै सेवा प्राप्त हुने अपेक्षा गरिएको छ। यसबाट व्यवसायी, उद्योगी तथा सर्वसाधारण करदातालाई समय र खर्च बचत हुने विश्वास लिइएको छ। कममा हेर्नुहोस्

## मोबाइल महासंघ अध्यक्षमा घिमिरे, महासचिवमा आचार्य



सन्देश संवाददाता

हेटौडा/नेपाल मोबाइल व्यवसायी महासंघको अध्यक्षमा रमेश घिमिरे निर्वाचित भएका छन्। महासंघको तेस्रो महाधिवेशन अन्तर्गत काठमाडौंमा सम्पन्न तेस्रो महाधिवेशनबाट आगामी दुई वर्षे कार्यकालका लागि अध्यक्षमा घिमिरे निर्वाचित भएका हुन्।

निर्वाचन समितिका प्रमुख सन्तोष भण्डारीका अनुसार अन्य पदाधिकारीतर्फ वरिष्ठ उपाध्यक्षमा डिल्लीबहादुर तामाङ, ७ उपाध्यक्ष तर्फ उदयबहादुर केसी, दिलबहादुर लामा, सुवास बम, दिपक पाण्डे, दिपकबाबु बोगटी, बद्री कुँवर, शुरेस बानियाँ निर्वाचित भएका छन्।

यसैगरी महासंघको महासचिवमा हेटौंडाका छतेन्द्र आचार्य, कोषाध्यक्षमा लवकृष्ण श्रेष्ठ, ४ सचिवमा डेमा लामा, नारायण सुवेदी, विष्णु ज्ञवाली र सपना नहर्की छन्। यस्तै सहकोषाध्यक्षमा रुद्रमणि धिताल चुनिएको महासंघले जनाएको छ।

नवनिर्वाचित कार्यसमितिले आईतबार पदभार ग्रहण गरेको महासचिव आचार्यले जानकारी गराए। महाधिवेशनमा ७ अध्यक्ष र कोषाध्यक्ष तथा सहकोषाध्यक्ष पदमा मात्र निर्वाचन भएको थियो। अध्यक्षसहित अन्य पदाधिकारी र सदस्य भने निर्विरोध निर्वाचित भएका थिए। महाधिवेशनमा सहभागी हुन देशभरिबाट १५ सय प्रतिनिधिले निर्वाचनमा सहभागिता जनाएका थिए।

यसैगरी मोबाइल एसोसिएसन अफ नेपाल मकवानपुरका अध्यक्ष हरिप्रसाद न्यौपानेले मकवानपुर जिल्लाको प्रतिनिधि गर्दै महासंघको निर्वाचनमा महासचिव पदमा आचार्यलाई समर्थन गर्ने मतदाता ब्यवसायीहरुलाई धन्यवाद ज्ञापन

### बुवाको किरिया गर्न आउँदै थिए घर

## कम्बोडियामै रोकियो स्वास

सन्देश संवाददाता

हेटौडा/धादिङको धुनिवेशी नगरपालिका(९ जुगेडीका ४१ वर्षका सन्तोष राई १६ भदौ २०८२ मा वैदेशिक रोजगारीका लागि कम्बोडिया लागे।

छिमेकी मुलुक भारतबाट अवैधानिक रुपमा कम्बोडिया उडेका सन्तोषको लागि केही समय सहज बन्यो। ६ महिनाको भिजिट भिषामा गएका उनले विभिन्न कम्पनीमा सेक्यूरिटी गार्डको काम गरे।

सुरु सुरुमा काम पनि राम्रै भयो। तर केही समयपछि उनको भिजिट भिषाको समय सकियो। कम्बोडियन सरकारले अवैधानिक तवरले काम गरेको भन्दै उनलाई ओभर स्टे फाइन तिरेपछि मात्रै नेपाल फर्कन पाउने निर्णय सुनाएको थियो। तर, कम्बोडिया स्थित नेपाली राजदुताबासको पहलमा उनलाई मे १३ तारिख अर्थात् गत वैशाख ३० गते बुधबार नेपाल फर्काउने तयारी भएको थियो।



घरमा एक महिना अघि सन्तोषका बुवा कान्छा राईको समेत मृत्यु भएको थियो।

घर आएर बुवाको काजकिरिया गर्ने तयारी स्वरुप नेपाल फर्कन लागेका सन्तोषको स्वास्थ्यमा मे ११ तारिख अर्थात वैशाख २८ गते अचानक समस्या देखिएपछि अस्पताल लगिएको थियो। श्वासप्रश्वासमा समस्या देखिएका कारण अस्पताल पुर्याएको उनको हृदयघातको कारण मे १४ तारिख अर्थात् वैशाख ३१ गते कम्बोडियामै मृत्यु भयो।

उपचारका लागि अस्पतालमा लागेको खर्च पछि व्यहोर्नेगरी र राजदुताबासले सहकार्य गरेको थियो। उनको उपचारमा लागेको करिब १० हजार अमेरिकी डलर नतिरेसम्म सन्तोषको शव नेपाल ल्याउन नपाइएको धुनिवेशी नगरपालिका(९ का वडाध्यक्ष माधव प्रसाद सिलवाल बताउँछन्। परिवारको आर्थिक स्थिती कमजोर भएका कारण तत्काल त्यतीधेरै रकम जुटाएर पठाउन नसकिएको अध्यक्ष सिलवालले बताए। जसका लागि समाजिक सञ्जालमार्फत चन्दा संकलन गरिरहेको उनको भनाइ छ।

यता, कम्बोडियामै अस्ताएका श्रीमान्को शवको पर्खाइमा छिन् जुनु राई। करिब १७ वर्ष नेपाल आर्मीमा जागिर खाएका सन्तोषले ३ वर्षअघि मात्रै राजीनामा दिएका हुन्। राजीनामा दिएपछि केही समय घरमै बसेको उनले भिजिट भिषामा कम्बोडिया जाने योजना बनाएका थिए। बिरामी हुनुभन्दा अघिल्लो रात जुनु र सन्तोषको भिडियो कलमा कुरा भएको थियो।

'वैशाख २७ गते आइतबार उहाँसँग कुरा भएको थियो, घर फर्कने दिन पनि आउनै लाग्यो भनेर खुसी हुनुहुन्थ्यो, जुनुले भनिन्, 'त्यो राति कुरा गर्दा मलाई सञ्चो छैन। टाउको भारी भएर दुखिरहेको छ भन्नुभएको थियो। त्यसपछि उहाँको अवस्था गम्भीर छ। उपचारका लागि पैसा पठाइदिनुस् भनेर एकैचोटी दुताबासबाट फोन आयो।'

उनको उपचारकै क्रममा सोही अस्पतालमा मृत्यु भयो। अहिले सन्तोषको शव नेपाल ल्याउन करिब १० हजार अमेरिकी डलर लाग्ने खबर आएको जुनु बताउँछिन्। 'त्यतिधेरै पैसा मैले कसरी जुटाउन सक्नु, उनले थपिन्, 'खातामा जम्मा ७०/८० हजार रुपैँया छ। यो भनेको नेपाली १३/१४ लाख रुपैँया हुने रैछ। सहयोगका लागि खाता नम्बरहरु सार्वजनिक गरेको छ। तर सहयोग उठेको भने छैन।'

२०६८ सालमा सन्तोषसँग विवाह बन्धनमा बाँधिएकी जुनु सोही वडामा रहेको सामुदायिक विद्यालयकी बालविकास शिक्षक हुन्।

श्रीमान्को शास भेट्न नपाए पनि अन्तिम पटक लाश भएपनि हेर्न मन छ, उनले रुँदै भनिन्, एकले थुके थुक, सयौँले थुके समुन्द्र भन्छन्। त्यसैले सबैले सहयोग गरेर मेरो श्रीमान्लाई नेपाल झिकाउन सहयोग गर्नुहुन्छ भन्ने आशा राखेकी छु।'

उनको १३ वर्षको छोरा र ८ वर्षकी छोरी छिन्। राष्ट्रिय वाणिज्य बैंकमा जुनु राईको नाममा रहेको खाता नम्बर १०८०१०००१८९५०१० मा सहयोग गर्न सकिने उनले बताइन्।



**उखान:** गयो ईलाम, खायो सिलाम, हिड्ने बेलामा गुन्टा लिलाम ।

**॥ ॥ बेलाको बोली ॥ ॥**

भविष्यवाणी गर्ने सहि तरिका यसलाई निर्माण गर्नु हो ।

*- फोरेस्ट सकली*

## सम्पादकीय

# सेवा बढाउदै पालिका

हेटौंडा उपमहानगरपालिका र आन्तरिक राजश्व कार्यालय, हेटौंडाबीच गत वैशाख २९ गते सम्पन्न सम्झौताअनुसार हेटौंडा उपमहानगर पालिकाले २०८३ जेठ १३ गतेदेखि करदातासँग सम्बन्धित विभिन्न सेवाहरु स्थानीय तहबाटै प्रदान गर्ने भएको पालिकाले सार्वजनिक सूचना जारी गरेपछि पालिकाको सेवाको क्षेत्र बढ्न गएको हो । सामान्य जन्मदर्ता, मृत्युदर्ताको प्रमाणपत्रदेखि सुरू भएको पालिकालको सेवा अव राजश्वको समेत जिम्मेवारी थपिएको छ । लोकतन्त्रको प्रमुख पक्ष भनेको घरघरमा सिंहदरवार भनिएकोमा सोचेजस्तो छिटो हुन नसकेता पनि क्रमश जनताको घरदैलो नजिक आउदैछ सिंहदरवार ।

अब हेटौंडा उपमहानगरपालिकालगायतका पालिकाहरुले "कर करले होईन, रहरले तिर्ने वातावरण" बनाउदै लगेको छ भन्न सकिएला पालिकाले प्रदान गरिने सेवाहरुमा करदातालाई सहज, छिटो तथा पहुँचयुक्त सेवा उपलब्ध गराउने उद्देश्य राखेको जनाएको छ । यस व्यवस्थाअन्तर्गत नगरपालिकाबाट करदाता दर्ता, स्थायी लेखा नम्बर (PAN) सम्बन्धि सेवा, मूल्य अभिवृद्धि कर (VAT) दर्तालगायतका सेवाहरु उपलब्ध हुने पालिकाद्वारा जारी सूचनामा उल्लेख गरिएको छ। अवका दिनमा व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर (PAN) दर्ता गर्ने, अन्तःशुल्क दर्ता तथा इजाजतपत्र नवीकरण सम्बन्धि कार्य गर्ने, व्यक्तिगत PAN लाई व्यावसायिक PAN मा रुपान्तरण गर्ने, करदाता विवरण तथा अभिलेख अद्यावधिक गर्ने, कर दाताको प्रोफाइल तयार तथा अद्यावधिक गर्ने, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता गर्ने, आयकरबाट VAT मा रुपान्तरण गर्ने, दर्ता खारेजीसम्बन्धि कार्य गर्ने, कर चुक्ता प्रमाणपत्र जारी गर्ने, कार्यालय स्थानान्तरण तथा शाखा थपसम्बन्धि सेवा प्रदान गर्नेलगायतका सेवाहरु प्रदान गरिने भएको छ ।

पालिकाको थप सेवाअन्तर्गत करदाताले सामान्य कर प्रशासन सम्बन्धि सेवाका लागि आन्तरिक राजश्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुने तथा स्थानीयस्तरमै सेवा प्राप्त हुने अपेक्षा भएको छ । हरेक नेपालीले पछिल्लो दिनमा माग गरेको बिषय भनेको एउटै ढोकाबाट सम्पूर्ण सेवाहरु उपलब्ध हुन नै लोकतन्त्रको मुख्य उपलब्धि हो भन्दा फरक नपर्ला कि ?

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कार्यले हौसला प्रदान गर्नेछ । | **बृष** | पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुने योग छ । |
| **मिथुन** | चुनौतीभित्र अवसर खोज्ने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ने हुन सक्छ। शारी–रिक कमजोरीले चिन्ता बढाउनेछ | **कर्कट** | अवसर र व्यवधानको उतारचढाव–बाट न्यून प्रतिफल हातपार्न सफल भइनेछ । धैर्य एवम् लगनशीलताले मात्र उपलब्धि प्राप्त हुने योग छ । |
| **सिंह** | | **कन्या** | व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ । |
| **तुला** | प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । स्वास्थ्य कमजोर रहनाले जोस जाँगरमा कमी आउनेछ। यात्रा कष्टपूर्ण हुनेछ। | **बृश्चिक** | रोकिएका काम दोहोऱ्याउन समय प्रतीक्षा गर्नुपर्ला। चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सफल होईनेछ। |
| **धनु** | हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलोसंग बित्नेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ। | **मकर** | कामको अवसर प्राप्त भएता पनि तत्काल प्रतिफल हातलागी नहुन सक्नेछ । पहिलेका सम्झौता तोड्नुपर्ने स्थिति आउन सक्छ। |
| **कुम्भ** | मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । | **मिन** | राम्रो नतिजा हातपार्न रोकिएको काम दोहोऱ्याउनु पर्ला । अरूको भरले मात्र सफलता प्राप्त नहोला। कमजोरी सुधार्न काम दोहोऱ्याउनु पर्ला । |

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नामकै विवादमा अल्झिएको पर्यावरण र विकास



✍निनाम लोवात्ती

'मेरा पिक राष्ट्रिय निकुञ्ज' को स्थापना र 'उपेक्षित महाकुलुङ भूमि'को समग्र विकासका बारेमा पछिल्लो समयमा राष्ट्रिय बहस र सञ्चार माध्यमहरूमा थोरै भए पनि चर्चा सुरु भएको छ। राष्ट्रिय मिडियामा यो मुद्दाले बिस्तारै प्राथमिकता पाउन थालेको देखिन्छ । हुन त कुलुङ जाति नेपालकै प्राचीन महाजाति किरातभित्रको एक विशिष्ट र ऐतिहासिक समुदाय हो। तापनि राज्यको उदासीनताका कारण 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८' को अनुसूचीमा कुलुङ जातिलाई अझै पनि अलग्गै आदिवासी जनजातिको सूचीमा सूचीकृत गरिएको छैन । यसरी अनेकन कानुनी र राजनीतिक कारणहरूले गर्दा हालसम्म राज्यले कुलुङ समुदायलाई अलग्गै जातिको पूर्ण मान्यता दिएर सूचीकृत नगरेको भएता पनि यो लेखमा नेपालका प्राचीनतम जातिमध्ये किरात महाजाति भित्रका एक विशिष्ट अंग कुलुङ जातिको उत्पत्ति-थलो, इतिहास, उनीहरूको जीवनचक्र, भाषा, वेषभूषा, रहन सहन, परम्परागत कानुन, चालचलन र समसामयिक विकासको राजनीतिक पाटोका बारेमा विस्तृत चर्चा गरिनेछ ।

कुलुङ जातिको ऐतिहासिक भूमि अर्थात् आदिम उत्पत्ति-थलो 'महाकुलुङ' हो । यो भूगोल हालको प्रादेशिक विभाजनअनुसार कोसी प्रदेशको सोलुखुम्बु जिल्लाको उत्तर-पूर्वी क्षेत्रमा पर्दछ । 'महाकुलुङ' क्षेत्र भन्नाले तत्कालीन छेस्खाम/छेस्काम, बुङ, गुदेल, सत्तो/सोताङ र पावै गाविस-हरूलाई बुझाउँछ । देश संघीयतामा गइसके पछिको पछिल्लो स्थानीय तहको संरचनाअनुसार यो ऐतिहासिक भू-क्षेत्र हालको महाकुलुङ गाउँ पालिका र सोताङ गाउँपालिकामा विभाजित छ ।

स्मरणीय छ, हिन्दु धर्म-दर्शन, इतिहास र प्राकाल्पनिक मिथकहरूका अनुसार पनि किराँती-हरूको ईतिहास देवताको पालाभन्दा अघिदेखिको देखिन्छ। उदाहरणका लागि, हिन्दु धर्मग्रन्थ 'महा-भारत'मा किरातीहरूका पराक्रम र उनीहरूको उपस्थितिका बारेमा स्पष्ट उल्लेख हुनुलाई लिन सकिन्छ। त्यस्तै, कुलुङ समुदायको आफ्नै मौलिक जीवनचक्र र समय गणना पद्धति छ, जसअनुसार यतिबेला किरात संवत् (यले दोङ-५०८६) चलि-रहेको छ । विक्रम संवतको पहिलो महिनाको नाम वैशाख भनेझैं कुलुङ समुदायको जीवन-चक्र र संस्कृतिअनुसार वर्षको पहिलो महिनाको नाम 'चाक्चाकूर' हो ।

स्वदेशी तथा विदेशी मानवशास्त्री र विद्वान-हरूले लेखेका अनेकौं पुस्तकमा सोलुखुम्बु जिल्लामा अवस्थित साविकका छेस्खाम, बुङ, गुदेल, सोताङ र पावै क्षेत्रलाई 'महाकुलुङ' भनेर लिपिबद्ध गरेको भेटिन्छ। यसरी हेर्दा अन्य जातिभन्दा पूर्णतः भिन्न जातीय स्वपहिचान, ऐतिहासिक भूमि, समृद्ध मातृभाषा, विशिष्ट वेषभूषा, मौलिक मुन्धुम धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, रहनसहन, परम्परागत मूल्य-मान्यता र 'हामी कुलुङ' भन्ने बलियो सामुदायिक भावना भएको यस जातिलाई राज्यले भने हालसम्म ऐन जारी गरेर अलग्गै जातिको रूपमा सूचीकृत गरेको छैन । उनीहरूलाई एककिसिमले भन्ने हो भने बिगतमा प्रशासनिकरूपमा जबरजस्ती 'राई' जातिभित्र गाभ्ने काम गरियो ।

नढाँटी भन्ने हो भने, 'महाकुलुङ'का यी कुलुङेहरूको इतिहास सुखद् क्षणहरूभन्दा पनि राज्यको उपेक्षाका कारण दुःखद् कथा-व्यथाहरूले बढी भरिएको छ। आधुनिकतासँगै आएको भौतिक पूर्वाधार, नयाँ-नयाँ आधुनिक चिजबिज र विला-सिताका साधनहरूलाई बिर्सने हो भने, महाकुलुङ क्षेत्रका कुलुङहरू प्रकृति र आफ्नै मौलिक संस्कृतिमा जुनरूपमा रमेका छन्, त्यसैलाई उनीहरूको सुखद् आत्मिक अवस्था मान्दा फरक पर्दैन ।

इतिहास हेर्दा, खासगरी 'भूमि सुधार ऐन-२०२१' लागू भएपछि जिमीभूमि (किपट भूमि) व्यक्तिको नाममा नापी गरी दर्ता गर्ने प्रचलन सुरु भएसँगै कुलुङ जातिलाई आफ्नो रैथाने थरभन्दा पनि कुलुङ 'राई', अथवा सिधै 'राई' भनेर प्रशासनिक रूपमा चिन्न र लेख्न थालियो । त्यसमा कुलुङ समुदायकै कतिपय तत्कालीन अगुवाहरू, शासक राज्य र वरपरका अन्य जातजातिहरूको पनि केही न केही कमजोरी वा बुझाइको कमी रहन गयो। यो तितो सत्यलाई कुलुङ समुदायले स्वीकार गर्नैपर्ने हुन्छ। २०४६ सालको राजनीतिक परि-वर्तन र प्रजातन्त्रको पुनर्बहालीसँगै नेपालका विभिन्न उत्पीडित जातजाति र भाषाभाषीका सम्बन्धमा राज्यको नीति केही खुकुलो बन्यो ।

फलतः सो परिवर्तनपछि नेपालका आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, महिला, पिछडिएको क्षेत्र र मजदुरहरूले संगठित भएर आफ्नो हकअधिकारका लागि आवाज उठाउन थाले। त्यस्तै कुलुङ जातिका अगुवाहरू पनि आफ्नो पहिचानका लागि दृढतापूर्वक लागे । उनीहरूले गरेको अथक संघर्ष एवं जातीय स्वपहिचानको आन्दोलनको फलस्वरूप २०६८ सालको ११औं राष्ट्रिय जनगणनाको तथ्यांकमा कुलुङ जाति पहिलोपटक 'राई' वा कुलुङ 'राई' नभनी, 'कुलुङ' मात्रै लेखिएर अलग्गै जातिको रूपमा राष्ट्रिय अभिलेखमा दर्ता हुन सफल भयो। सो जनगणना अनुसार कुलुङ जातिको जनसंख्या २८ हजार ६१३ देखिएको थियो भने कुलुङ मातृभाषा वक्ताको संख्या ३३ हजार १७० रहेको थियो ।

२०७८ सालको १२ औं राष्ट्रिय जन-गणनामा कुलुङ जातिका लागि अलग्गै जातिगत र भाषागत कोड उपलब्ध गराएको थियो। १२औं जनगणनाका लागि कुलुङ जातिलाई उपलब्ध गराइएको जातिगत कोड '६२' र मातृभाषागत कोड '२९' थियो। जनगणनामा अलग्गै अस्तित्व देखिए पनि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको ऐनमा संशोधन नहुँदा कानुनीरूपमा 'छुट्टै सूचीकृत जाति' बन्ने कुलुङहरूको २२ वर्षभन्दा लामो आन्दोलन अझै पनि जारी छ ।

**विकास र पर्यावरण :**

पछिल्लो समय महाकुलुङ क्षेत्रको भूगोल र पूर्वाधार विकासमा केही सकारात्मक र केही बहसका तरंगहरू पैदा भएका छन् । महाकुलुङ गाउँपालिकाको गुदेल गाउँमा नयाँ आन्तरिक विमानस्थल निर्माणका लागि गृहकार्य, प्राविधिक सर्भे सम्पन्न भयो। विमानस्थल निर्माणको काम अघि बढाउन वातावरणीय प्रभाव मूल्यांकनका लागि सार्वजनिक सूचनासमेत जारी भइसकेको छ। यो विमानस्थल निर्माण भएमा दुर्गम र सडक सञ्जालको कठिन पहुँच भएको महाकुलुङ क्षेत्र सिधै हवाई सञ्जालसँग जोडिनेछ ।

अर्कोतर्फ, सोलुखुम्बु जिल्लाको पूर्वी र तल्लो भेगलाई समेटेर 'मेरा पिक राष्ट्रिय निकुञ्ज' घोषणा गर्ने प्रक्रिया बिगत धेरै वर्षदेखि चर्चामा छ । यदि यो निकुञ्ज र गुदेल विमानस्थल दुवै पूर्णरूपमा सफल भएमा सोलुखुम्बु जिल्ला नेपालकै विशिष्ट प्रशासनिक भूगोल बन्नेछ, जहाँ, दुई वटा राष्ट्रिय निकुञ्ज : उत्तरमा विश्व प्रसिद्ध 'सगरमाथा राष्ट्रिय निकुञ्ज' र दक्षिण-पूर्वमा प्रस्तावित 'मेरा पिक राष्ट्रिय निकुञ्ज' (वा महाकुलुङ क्षेत्र) । ५ वटा विमानस्थल : लुक्ला (तेन्जिङ-हिलारी), फाप्लु, कागेलडाँडा, स्याङ्बोचे र प्रस्तावित गुदेल विमानस्थल ।

तर, निकुञ्ज घोषणामा किन भयो ढिलाइ ? यो निकुञ्ज घोषणा हुने भनिएको धेरै वर्ष भइसके पनि हालसम्म (सन् २०२६ सम्म) यसको औपचा-रिक घोषणा भएको आधिकारिक समाचार आउन सकेको छैन। २०७८ सालमा वन तथा वातावरण मन्त्रालयले मकालु-बरुण राष्ट्रिय निकुञ्जको सोलुखुम्बुतर्फको करिब ६४८ वर्ग किमि क्षेत्र छुट्याएर नयाँ निकुञ्ज बनाउन सम्भाव्यता अध्ययन कार्यदल त गठन गऱ्यो, तर यो प्रक्रिया स्थानीयस्तरको विवादका कारण रोकिएको छ ।

यसको मुख्य कारण नामकरण र प्राकृतिक स्रोतमाथिको अधिकारको विवाद हो । सरकारले यसलाई व्यावसायिक ब्राण्डिङका लागि 'मेरा पिक राष्ट्रिय निकुञ्ज' नाम राख्न खोजेको छ भने रैथाने कुलुङ समुदायले आफ्नो ऐतिहासिक पहिचान जोगाउन यसको नाम 'महाकुलुङ राष्ट्रिय निकुञ्ज' हुनुपर्ने अडान राखेका छन्। साथै, निकुञ्ज बनेपछि स्थानीयको जल, जमिन, जंगल र परम्परागत गोठखर्क वा जडीबुटी संकलनको अधिकार खोसिने पो हो कि भन्ने आशंकाले गर्दा यो घोषणा प्रक्रिया लामो समयदेखि अन्योलमा अल्झिएको छ ।

तर, यो सपना तब मात्र पूरा हुनेछ, जब महाकुलुङका कुलुङ अगुवाहरू, बुद्धिजीवीहरू र खासगरी विभिन्न पार्टीमा आबद्ध राजनीतिक-मीहरूले संकुचित दलीय स्वार्थभन्दा माथि उठ्ने छन्। विकास कसको दलले ल्याएको, जस कसले लिने, वा सामान्य सामाजिक र व्यक्तिगत निहुँमा एकआपसमा झैझगडा र गुटबन्दी गर्ने प्रवृत्तिको अन्त्य हुनु जरुरी छ। उठाउन सक्दैन, तबसम्म महाकुलुङको माटो र कुलुङ जातिको पहिचान ओझेलमै परिरहनेछ ।

*सभार : अनलाइन खबर*

# आर्थिक विकासका बाधक तत्व



✍सुदर्शन अधिकारी

सामान्य अर्थमा विकास भनेको समाजमा हुने सकारात्मक परिवर्तन हो । विकास आम नागरिकका हितमा हुनुपर्छ। साथै, पछिल्लो समय विकास कार्य गर्दा वातावरण नबिगारी गरिनुपर्छ भन्ने मान्यताको विकास भएको छ, जसलाई हामी दिगो विकास पनि भन्छौं। विकासले जहिले पनि गुणात्मक विकासलाई आत्मसात् गरेको हुनुपर्छ । सडक, बिजुली, खानेपानी, सञ्चार, शिक्षा, स्वास्थ्य आदिको सहज उपलब्धता हुनुलाई मात्र विकास भन्ने भाष्य पनि सिर्जना भएको देखिन्छ । तर, प्रतिव्यक्ति आम्दानी वृद्धि हुनु, नागरिकको जीवनस्तर बढ्नु, औसत आयु वृद्धि हुनु पनि विकास हो । विकास कार्य रातारात भइहाल्ने विषय पनि होइन, यसका लागि समय, सही योजना र त्यसको प्रभावकारीरूपमा कार्यान्वयन गर्न सक्नुपर्छ ।

कुनै पनि समाज एकीकृत, आत्मनिर्भर, सभ्य र सुसंस्कृत भई सामाजिक न्यायको स्थापना हुनु नै विकास हो। यसलाई प्राप्त गर्नका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अभ्यासको परिणाम भएकाले हाम्रा विकासका कार्यहरू विभिन्न पक्ष वा तत्वहरूले प्रभावित हुन्छन् । विकाससँगसँगै सामाजिक परिवर्तन पनि हुन्छ। त्यसैले विकासको मापन सामाजिक परिवर्तनको गति, यसको प्रकृति र प्रवृत्ति तथा प्रभावका आधारमा बनेको हुन्छ । तसर्थ, विकासलाई प्रभाव पार्ने तत्वहरूलाई मध्यनजर गरी हरेक पक्षमा सकारात्मक नतिजा आउने गरी कार्य गर्ने प्रभावकारी संयन्त्र निर्माण गरी अगाडि बढ्न सकिन्छ। विकास भन्नेबित्तिकै रोजगारी, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानीको सहज आपूर्तिजस्ता आधारभूत तत्वप्रति विशेष ध्यान दिनुपर्छ ।

विकासका लागि हाम्रो समाजमा कतिपय कुसंस्कार, अन्धविश्वास र गलत प्रथाहरू बाधकका रूपमा छन् । नेपालको सुदूरपश्चिममा रहेको छाउपडी प्रथा, झुमा प्रथा, कुमारी, बोक्सीको विश्वास, धामीझाँक्री प्रथा, कमैया, हलिया, कम्लरी, बादीजस्ता विकासका कार्यलाई नकारात्मक प्रभाव पार्ने क्रियाकलाप सहज विकासको बाधक बनेका देखिन्छन्। महिला विभेदका कारण पनि समाजमा विभिन्न नकारात्मक प्रभाव पर्न गएर विकास कार्यमा बाधा पुगेको दर्जनौं दृष्टान्त छन्। आजको आधुनिक, सभ्य र वैज्ञानिक युगमा समेत अनेक बहानामा अन्धविश्वास र कुरीतिका पछि लागेर विकास प्रभावित गरिरहेका छन् ।

विकास निरन्तर चल्ने प्रक्रिया भएकाले यसलाई समयसापेक्षरूपले हेर्ने गर्नुपर्छ। विकास बहुआयामिक हुने भएकाले यसलाई प्रभाव पार्ने विभिन्न तत्वका बारेमा पनि प्रष्ट हुन जरुरी हुन्छ। विकासका बाधक क्षेत्रीय, जातीय र वर्गीय विभेदका कारण पनि प्रभावित हुन्छ । आज पनि विकासको समान वितरण गर्न सकिएको छैन भने योजना निर्माण गर्ने समयदेखि नै सत्ता र शक्तिको पहुँचका आधारमा बजेटको विनियोजन गरिने भएकाले समानरूपमा विकासका कार्यहरू हुन सकेको छैन । विनियोजित रकम पनि समय सीमाभित्र काम गर्न नसक्दा विकास ज्यादै ढिलो र खर्चिलो बन्ने समस्या हाम्रो आज एक किसिमको संस्कृतिजस्तै बनेको छ ।

विकासका लागि गरिबी निवारण ज्यादै महत्वपूर्ण तत्व हो, किनभने गुणस्तरीय जीवन-यापनका लागि आर्थिक अवस्था राम्रो र उच्च हुनु जरुरी हुन्छ । हाम्रो विकासको अवस्था स्थान अनुसार फरक-फरक छ। सहरी र ग्रामीण क्षेत्र, पिछडिएको जातजातिको बाहुल्यता रहेको क्षेत्र, भौगोलिक विकटताजस्ता विविध पक्षले पनि विकास प्रभावित रहन्छ। मानवको चेतना, न्याय, मानव अधिकार र स्वतन्त्रताको स्तर ज्यादा भएको समाजमा तीव्र गतिमा विकास हुन्छ । तसर्थ, विकासका लागि विभिन्न तत्वले प्रभाव पार्ने भएकाले ती तत्वलाईसमेत विकासमैत्री बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ । कतिपय विकास निर्माणका कार्य विकासमैत्री नभएका कारण थप समस्या निम्तिएका पनि छन्। विकासका नाममा वातावरण विनाश गर्न भने हुँदैन, जुन दिगो विकासको अवधारणा पनि हो ।

पछिल्लो तथ्यांकअनुसार हाम्रो गरिबी १५ प्रतिशतभन्दा बढी छ । गरिबी निवारण नभई मानवको जीवनस्तर उकास्नका लागि रोजगारीको खाँचो हुन्छ। आर्थिक वृद्धिलाई विकास मान्नेहरू भने देशको सञ्चित मूल्य, कुल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, लगानी प्रवर्द्धन, आयात र निर्यात शोधनान्तर स्थिति र बजार विस्तारका विभिन्न पक्षलाई जोड दिने गर्छन् । यसबाहेक देशमा भौतिक तथा सामाजिक सुविधा र प्रतिव्यक्तिले कत्तिको परिमाणमा उपभोग गर्न सक्षम भएका छन् भन्ने तथ्यले पनि विकासको मापन गर्ने गरिन्छ। विकास पनि स्थान र आवश्यकताअनुरूप फरक-फरक हुन्छ । दृष्टान्तका लागि रोल्पा र रुकुममा विकास बजार निकट हुनु, विद्यालय नजिक रहनु हुन्छ भने काठमाडौंमा विकास नवीन प्रविधिको पर्याप्त उपलब्धता हुन सक्छ ।

हाल राज्यले दुई दर्जनभन्दा धेरै राष्ट्रिय गौरवका आयोजना घोषणा गरी निकै सुस्त गतिमा कार्य गरिरहेको अवस्था छ। पटक-पटक ठेक्काको कार्य सम्पन्न गरिने समय थप्ने काम सामान्य बनेको वर्तमान परिवेशमा विकास खर्चिलो र चुनौतीपूर्ण बन्दै गएको छ। योजना निर्माण गर्दाको समयमा देखिएको लागत खर्च तेब्बरसम्मले वृद्धि भएको तीतो यथार्थ हाम्रा सामु छ। पाँच वर्षमा सम्पन्न गरिने भनिएका आयोजनाहरू पन्ध्र वर्षमा पनि सम्पन्न नभएका विभिन्न उदाहरण छन् ।

विकासको बुझाइ समाजसापेक्ष हुनुपर्छ जसले विकास दिगो र भरपर्दो हुन्छ । दिगो विकासको सन्दर्भमा ध्यान दिनुपर्ने पक्ष भनेको जनसहभागिता र वातावरणको संरक्षण प्रमुख रहेको छ । पछिल्लो समय विकासका नाममा विनाशका घटना यत्रतत्र भएका छन् । खासगरी ग्रामीण क्षेत्रमा सडक निर्माणमा जथाभावी बाटो खोल्ने प्रवृत्तिले वर्षाको समयमा पहिरो जाने, पटक-पटक एउटै बाटोका लागि बजेट विनियोजन गर्नुपर्ने बाध्यता छ । यसले विकासका नाममा एकै स्थानमा र एउटै योजनामा बारम्बार रकम खर्चनुपर्ने अवस्थाको अन्त्यका लागि पनि वाताव-रणीय प्रभावको परीक्षण प्रभावकारी, वैज्ञानिक र वास्तविकरूपमा गरिनुपर्छ ।

विकासमा बाधा सिर्जना गर्ने विभिन्न तत्व रहेका छन्। जसमध्ये एक स्थानीय बासिन्दाहरूको अवरोध पनि हो। ठूला आयोजना निर्माणका लागि जमिनको मुआब्जा समयमा नै जग्गाधनीले पाउन नसक्दा पटक-पटक काममा बाधा सिर्जना गर्ने गरेका दर्जनौं दृष्टान्त भेटिन्छन्। त्यस्तै विभिन्न माग राखेर स्थानीय बासिन्दाहरूले आयोजनामा अवरोध गर्ने गर्छन् । जसमा स्थनीयका लागि जागिर लगाइदिनुपर्ने, विद्यालय स्थापना गरिदिनु पर्नेजस्ता विविध माग राख्ने गर्छन् । यस्तै क्रियाकलापका कारण पनि विकास निर्माणका कार्य स्वतः ढिला हुन जान्छ, जसका कारण लागत वृद्धि हुन गई अनुमानित लागतभन्दा तीन-चार गुणासम्मले वृद्धि हुन्छ । यसको असर त्यस आयोजनाबाट प्राप्त गर्न सकिने सुविधाबाट पनि वञ्चित हुनुपर्छ, यसको पनि आर्थिकरूपमा लेखाजोखा गर्दा ठूलो क्षति हुन्छ ।

विकास बहुआयामिक हुने भएकाले यसको गति, प्रक्रिया र मोडेल पनि समयअनुसार परिवर्तन हुँदै जान्छन् । यसै सन्दर्भमा विकासका विविध पक्षका बारेमा चर्चा गर्न सक्छौं। विकास व्यापक सामाजिक विविधीकरण र बृहत् तहका रूपान्त-रणका साथै क्रमिक परिवर्तनको प्रक्रियाअन्तर्गत गरिन्छ। यसमा असीमित प्रगति र समयसापेक्ष तथा गुणस्तरीय जीवनको सुनिश्चितता पनि ज्यादै महत्वपूर्ण हुन्छ । विकास निर्माणका कार्यले मानवमा छनोट र स्वतन्त्रताको प्रत्याभूति गरिनुका साथै मानवीय क्षमतामा समेत अभिवृद्धि भएर सो विकासको सबै चरण पार गर्दै आधुनिकताको अवस्थामा पुग्छ । विकासको साथमा दिगो विकासका लक्ष्य पनि जोडिएर आउने गर्छन् । हामी अहिले सोह्रौं योजना कार्यान्वयनको चरणमा अगाडि बढिरहेका छौं। यो योजनामा पनि दिगो विकासका सत्रवटा लक्ष्य प्राप्तिका लागि प्रभावका-री रूपले कार्य सम्पादन गर्नुपर्ने खाँचो छ ।


हाम्रो समस्या भनेको विकासका आयोजना धेरै छनोट गर्ने तर त्यसका लागि आवश्यक रकमको जोहो गर्न पनि हामी अक्षम छौं भने बजेट कनिका छरेजस्तो गर्दा पनि गुणस्तरीय र प्रभावका-री कार्य गर्न सकिरहेका छैनौं। यस वास्तविकतामा सहमत भएर निश्चित योजना, जसलाई निर्धा-रित समयमा नै सम्पन्न गर्ने वातावरण र प्रभावकारी निर्माण संयन्त्रको निर्माण गरी त्यसको प्रभावकारीरूपले कार्यान्वयनमा कत्ति पनि चुक्नु हुँदैन। यसका लागि आवश्यक परेमा नयाँ नियम समेत बनाएर अगाडि बढ्नु जरुरी देखिन्छ । विकास भनेको समाजको छोटो र क्षणिक परिवर्तन नभई दीर्घकालीन रूपान्तरणको प्रक्रिया हो ।

आजको प्रमुख आवश्यकता र बजेटको सुनिश्चितता भएका आयोजनहरू मात्र प्रभावकारी रूपमा अगाडि बढाउने परिपाटीको विकास पनि आजको मुख्य सवाल बनेको देखिन्छ । आगामी दिनमा बिगतमा भएका र रहेका कमी-कमजोरी हटाई नवीन तरिकाले विकास निर्माणका कार्य सहजरूपले निर्धारित समयभित्र नै सम्पन्न गर्ने वातावरण सिर्जना गर्न सबै सरोकारवाला एकजुट भएर लाग्नुपर्छ। निर्माण व्यवसायी पनि राज्यप्रति इमानदार र कार्यप्रति बफादार भएर निर्माणका काम समयसीमाभित्रै सकेर सबै क्षेत्र त्यसबाट लाभान्वित बन्न सक्छौं ।

*साभार : कारोबार दैनिक*

### स्वास्थ्य मन्त्रालयको शीर्षासनमा नर्स

# अस्पतालमा रोकिएन श्रम शोषण



काठमाडौं/ कात्तिक २१ मा स्वास्थ्य संस्थामा कार्यरत नर्स तथा स्वास्थ्यकर्मीलाई पाँचौ तह बराबर सेवा-सुविधा दिने सहमति भयो । एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूसन अफ नेपाल, नर्सिङ नर्स, मेडिकल एन्ड डन्टेल कलेज एशोसिएसन अफ नेपाल र आन्दोलनरत स्वास्थ्यकर्मीका प्रतिनिधिले हस्ताक्षर गरे । स्वास्थ्य मन्त्रालयले समवन्यको भूमिका खेल्यो ।

उक्त सहमति भनिएको थियो, ‘कात्तिक महिनादेखि नै लागु हुनेगरी ३४ हजार ७३० रुपैयाँ मासिक पारि–श्रमिक उपलब्ध गराउने । रात्रीकालीन र अतिरिक्त सेवा गरेबापत थप पारिश्रमिक यसमा समावेश छैन ।’

६ महिना बित्यो । अधिंकाश मेडिकल कलेजले स्वास्थ्यकर्मीलाई सम्झौताअनुसारको पारश्रमिक दिएनन् । आफैंले गरेको सहमतिलाई धज्जी उठाउँदै बरू उनीहरूले उल्टै धम्कीको भाषा प्रयोग गरे । ‘यतिमा काम गर्ने मन नभएर छोडेर जानु । बेरोजगार भएर धैरै नर्स बसेका छन् ।’

१ जेठ (शुक्रबार) देखि आकस्मिकबाहेकका सेवा छोडेर काठमाडौंको कलंकीस्थित शहीद मेमोरियल अस्पतालका स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएका छन् । हेल्थ असिस्टेन्ट अविराज शाहीका अनुसार स्वास्थ्यकर्मीले मासिक १९ हजार मात्रै पारिश्रमिक पाउँदै आएका छन् । ‘सरकारले तोकेको तलब दिन पटक-पटक अस्पताल प्रशासनलाई अनुरोध गर्‍यौं’ शाहीले भने, ‘श्रम शोषणमा परिरह्यौं । माग पुरा गर्न चासो नै देखाएनन् ।’ अहिले अस्पतालका ४० जना स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएका छन् ।

अधिंकाश स्वास्थ्य संस्थाका नर्सहरू श्रम शोषणको विषय खुलेर बोल्न सक्दैनन् । काम गरिरहेको संस्थाको विरोध नै गर्दा जागिर पनि जाने डर हुन्छ । निजी संस्थाले गरेको श्रमशोषणको मनपरीतन्त्रलाई नियन्त्रण गर्ने सरकारी निकाय निरीह छ शहीद मेमोरियलका आन्दोलनरत स्वास्थ्यकर्मी । नेपालमा सेवा-सुविधा, पढ्नका लागि पर्याप्त वातावरण नहुने र बढी श्रम गर्नुपर्ने अवस्था छ ।

अस्पतालको मेरुदण्डको रूपमा रहेको नर्सिङ पेशाप्रति नैराश्य छाउँदै गएको छ । जसका कारण स्वदेशमै बसेर काम गर्छु भन्नेको संख्या घट्दो र विदेशतिरको आकर्षण हुने संख्या दिन/प्रतिदिन बढिरहेको छ ।

सम्झौता हुँदा आन्दोलनरत स्वास्थ्यकर्मी तर्फबाट संयोजक रहेकी नर्स ज्योति रानाभाटका अनुसार अधिकांश निजी मेडिकल कलेजले सम्झौता कार्यान्वयन गर्नै चाहेका छैनन् । पोखराको मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजलगायतका केही अस्पतालले मात्र तलब बढाएका छन् । तर, देशभरका धेरै निजी अस्पतालमा भने पुरानै न्यून तलब कायम छ ।

***‘नर्सलाई कमजोर ठानेरै सहमति कार्यान्वयन भएन’***

रानाभाटका अनुसार अस्पतालले सहमतिअनुसार तलब लागु गरेको देखाउने तर वास्तविकरूपमा तलब संरचना नै तोडमोड गर्ने रणनीति अपनाएका छन् । रानाभाट भन्छिन्, ‘अधिंकाश अस्पतालले बेसिक तलब १२ हजारदेखि १८ हजारसम्म मात्रै राखेका छन् । यसलाई कार्यान्वयन भन्नै मिल्दैन ।’


जसको उदाहरण हो–नेपाल मेडिकल कलेज, शिक्षण अस्पताल (जोरपाटी) । कार्यरत एक नर्सका अनुसार १३ हजार बेसिक तलब छ। अरू सेवा-सुविधा थप गरेर २१ हजार हातमा पर्छ । ‘यहाँका नर्सले मुख खोलेर सरकारको तोकेको सेवा-सुविधा नै माग्नै सक्दैनन्,’ ती नर्सले गुनासो पोखिन्, ‘नर्सिङ इन्चार्जले तलब चित्त नबुझे छोडेर जानु भन्ने जवाफ दिन्छन् ।’

रानाभाटले नर्सहरूको आन्दोलन कमजोर पार्न संस्थागत रूपमा मिलेमतो भएको आरोपसमेत लगाइन् । नर्सहरूको अधिकारका पक्षमा बलियो नेतृत्व नहुनु र विभिन्न संगठनबीचको समन्वय कमजोर हुनुका कारण अस्पतालहरूले सम्झौता कार्यान्वयन नगरेको हो । ‘नर्सहरूको आवाज दबाइएको छ,’ रानाभाट भन्छिन्, ‘पेशागत संगठन र अस्पताल प्रशासनबीचको मिलेमतोले नर्सहरू पीडित भए ।’

नर्सहरू निजी अस्पतालमा भइरहेको श्रम शोषणको अन्त्य हुनुपर्ने मागसहित आन्दोलनमा छन् । एक वर्ष अगाडि आवासीय चिकित्सकले सरकारले तोकेको सेवा-सुविधा पाउनुपर्ने भन्दै देशव्यापी आन्दोलन गरे ।

महिनौंको आन्दोलनपछि निजी मेडिकल सञ्चालकले चिकित्सकलाई आठौं तह बराबरको सेवा सुविधा दिने सहमति कार्यावन्यनमा आयो ।

# प्रविधिबीच हराउँदै मानवजातीको सम्बन्ध




पछिल्लो केही दशक यता आम मानवजातीको जीवन शैलीमा निकै परिवर्तन आएको छ । सूचना र प्रविधिको माध्यमले आजको दिनमा हामी मानवहरूको जिवन शैली लाई पूर्णरूपमा रूपान्तरण गरेको छ ।

बिसौं शताब्दीका बखतमा कल्पनाभन्दा बाहिर रहेको प्रविधि अहिले हाम्रो हातहातमा छ । फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र एक्स अर्थात् (ट्विटर) जस्ता माध्यमले संसारको जुनसुकै कुनामा रहेका मानिसहरूसँग मिनेटभरमा संवाद र भिडियो कलमार्फत् आफ्नो सुख-दुख साटासाट गर्न सम्भव बनाएको छ । जुन प्रविधि र सूचनाको सहायताले गर्दा यो सम्भव बनाएको हो ।

अहिले दोकानमा वस्तु तथा सेवा खरिद-बिक्रीदेखि बैंकिङ कारोबारसम्म सबै काम डिजिटल माध्यमबाटै हुने भएकाले हाम्रो दैनिक जीवन निकै सहज र सुविधायुक्त बनेको छ। तर, यसको अर्को पाटो भने केही तीतो अभ्यास भइरहेको छ । प्रविधिले समय जोगाइदिए पनि हामीले त्यसको सही सदुपयोग गर्न सकेका छैनौं । विडम्बना त के छ भने हजारौं माइल टाढाका मानिससँग जोडिए पनि हामी आफ्नै वरपरका मानिस र समाजबाट भने दिन प्रतिदिन एक्लिँदै गएका छौं ।

अहिलेको आधुनिक युगमा हामी सुखसुविधा, पैसा र मानिसहरूको बीचमा भएर पनि भित्रभित्रै एक्लो महसुस गरिरहेका छौं । विडम्बना के छ भने प्रविधिले संसारलाई जोडे पनि यसले हामीलाई प्रकृति र स्वयं आफूबाटै टाढा पुर्‍याएको छ। यसलाई यस क्षेत्रका जानकारहरूले डिजिटल एक्लोपन भनेर अर्थाउँदै आएका छन् । जसले हाम्रो मानसिक स्वास्थ्य, शरीर र आपसी सम्बन्धमा गम्भीर असर पुर्‍याइरहेको छ ।

सामाजिक सञ्जाल चलाइराख्दा पनि हामीले अरूसँगको वास्तविक आत्मीयता महसुस गर्न सकेका छैनौं। पछिल्लो केही दशक यता आममानिसहरू भौतिक रूपमा सम्पन्नता हुँदै गएपनि भावनात्मक रूपमा आफू र आफन्त तथा साथीभाइ र प्रकृतिसँग दिन प्रतिदिन टाढा हुँदै गइरहेका छौं । समाज

> विडम्बना त के छ भने हजारौं माइल टाढाका मानिससँग जोडिए पनि हामी आफ्नै वरपरका मानिस र समाजबाट भने दिन प्रतिदिन एक्लिँदै गएका छौं ।

नातागोता र छिमेकीसँग भाई चारासम्बन्ध हुनुपर्ने ठाउँमा उनीहरूसँगको सम्बन्ध विच्छेद गर्न उद्धत भएर लागि परिरहेका छौं ।

अहिले विश्वपरिवेशमा सूचना प्रविधि क्षेत्रमा निकै ठूलो छलाङ मार्दै गइरहेको छ । अहिले २१ औं शताब्दीमा प्रविधिबिनाको जीवन कल्पना गर्न असम्भव छ । त्यसैले हामी यसबाट टाढा रहेर अध्ययन अध्यापन तथा आफ्नो दैनिकी कार्य गर्न असम्भव जस्तै भइसकेको छ। तर प्रविधिसँगै अघि बढ्दै गर्दा हामीले प्रकृति र आफ्नो भित्री मनसँग पनि नाता जोड्न अपरिहार्य रहेको छ। मानव शरीर, भावना र मानवजातीको वरपरको वातावरणसँग घुलमिल हुँदा मानसिक स्वास्थ्य र स्वस्थ जीवन जिउने ऊर्जा र सकारात्मकता पैदा हुन्छ । जब हामी प्रविधिको संसार बाट केही समय छुट्टिएर प्रकृतिमा रमाउँछौं, तब मात्र हामीले आफ्नो शरीर र मनको वास्तविक अवस्थाको चित्रण गर्न सक्छौं ।

प्रविधि र स्क्रिनको संसारमा हराउँदा हामीले आफ्नो वास्तविक अस्तित्व भुल्दै गएकाले प्रकृतिसँगको सामीप्यले मात्र हाम्रो डिजिटल एक्लोपन र मानसिक थकानलाई हटाउन सक्छ । आम मानिसहरू हामी केही समय मोबाइल र इन्टरनेटबाट टाढा रहेर खुला आकाश, हरियाली र शान्त वातावरणमा बिताउँछौं, तब हाम्रो मस्तिष्कमा ताजापन हुने गर्छ । प्रकृतिले हामीलाई वर्तमान क्षणमा जिउन सिकाउँछ, जसले गर्दा भर्चुअल दुनियाँबाट उब्जिएको अनावश्यक तनाव र निराशा बिस्तारै कम हुँदै जान्छ ।

त्यस्तै प्रकृतिसँगको गहिरो सम्बन्धले मानव शरीर र मनलाई पुनर्जीवित बनाउन मद्दत गर्छ । यसले हामीलाई आफूभन्दा ठूलो र विशाल शक्तिको हिस्सा भएको महसुस गराउँछ, जसबाट हामीले सकारात्मक ऊर्जा र जीवन जिउने नयाँ दृष्टिकोण प्राप्त गर्छौं । आफ्नै भावना र प्राकृतिक वातावरणसँग जोडिनुले हाम्रो चरित्रलाई मजबुत बनाउनुका साथै सोच्ने क्षमतामा स्पष्टता ल्याउँछ। डिजिटल युगको यो कृत्रिम एक्लोपनबाट टाढा रहन र जीवनमा साँचो आनन्द लिनका लागि समय सापेक्षमा प्रकृतिमा फर्कनु, आफू र आफ्नो स्वास्थ्यलाई पहिचान गर्नु आजको आवश्यकता बनेको छ ।

प्रबिधिकै कारणले युवामा भन्दा बालबालिकामा बढी नै प्रभाव पर्नेमा चिन्तित बन्नु पर्ने भएको छ । हाम्रो संसार परिवर्तनले भरिपूर्ण छ, जुन आसन्न छ । परिवर्तनले नयाँ प्रविधि, चुनौती र फाइदाहरू ल्याउँछ । भिन्नता परिवर्तनको जोखिमको डिग्री र परिवर्तनबाट बढी फाइदा लिन केन्द्रित प्रयासहरूमा निहित छ ।

प्रविधि-सक्षम सिकाइले सिकाइलाई अगाडि बढाउने र प्राप्त गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन ल्याएको छ । प्रविधिद्वारा सक्षम नयाँ मनोरञ्जनका माध्यमहरूले बच्चाको ध्यान, जानकारीको ओभर लोड, निर्णय लिने, र स्मरण शक्ति/सिकाइको अवस्थामा व्यापक परिवर्तन ल्याएको छ । बालबालिकाहरूद्वारा प्रविधिको अनियन्त्रित प्रयोगको प्रतिगामी प्रवृत्तिलाई रद्द गर्ने एक मात्र उपाय सन्तुलित दृष्टिकोण जस्तो देखिन्छ ।

साभार: क्यापिटल नेपाल

## नेपाललाई विदेशी मुभी-हब बनाउन न्युजिल्याण्डबाट पाठ सिक्ने कि ?



काठमाडौं/करिब दुई तिहाईनजिक भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारको पहिलो बजेट लेखन अहिले अन्तिम चरणमा छ । करिब एक साताअघि सार्वजनिक गरिएको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम संसदबाट बहुमतले पारित भएको छ ।

योसँगै अब सरकारलाई बजेट ल्याउने बाटोसमेत खुलेको छ। जेठ १५ गते बजेट सार्वजनिक हुँदै छ । यो बजेटलाई सबैलाई महत्वपूर्णका साथ हेरिरहेका छन् । खास गरी रास्वपाले चुनावी प्रचारको क्रममा सार्वजनिक गरेको बाचापत्र र नीति तथा कार्यक्रममा आएका विषय बजेटमा आउँछ वा आउँदैन । सरकारको पाँच वर्षे अर्थनीति कस्तो रहने भन्ने चासो पनि बजेटलाई हेरिँदै आएको छ ।

यसैबीचमा लामो समयदेखि चर्चामा रहँदै आएको तर कार्यान्वयनमा आउन नसकेको एउटा विषय नीति तथा कार्यक्रममा समेटिएको छ। यसअधिका सरकारले सार्वजनिक गर्ने नीति तथा कार्यक्रममा पनि ती विषयहरु आउने गरे पनि बजेटमा नआउने र कार्यान्वयन नहुने गरेको थियो । तर, अहिले दुई तिहाई नजिकको सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रमा नेपाललाई विदेशी चलचित्र छायांकनको हबको रुपमा विकास गर्ने विषयलाई अहिले चासोका साथमा हेरिँदै आएको छ ।

नीति तथा कार्यक्रमको विषय बजेटमा समावेश भएर कार्यान्वयनमा लैजान सके नेपालमा धेरै विदेशी फिल्म छायांकनका लागि आउने बाटो खुल्ने काठमाडौं म्यारियटका सञ्चालक शशीकान्त अग्रवालको भनाइ छ । ‘लामो समयदेखि पर्यटन व्यवसायीले यो विषयहरु उठाउँदै आए पनि कार्यन्वयनमा आउन सकेको थिएन,’ सञ्चालक अग्रवालले भने, ‘दुई तिहाईको सरकारले ल्याएको विषय कार्यन्वयन हुने अपेक्षा गर्न सकिन्छ, जुन नेपालको पर्यटन क्षेत्रका लागि कोषेढुंगा सावित हुने छ ।’

अग्रवालले न्युजिल्याण्डको सिनेमा टुरिजमको मोडललाई नेपालले पनि आत्मासाथ गर्न सक्ने बताउँछन् । सन् १९९५ तिर न्युजिल्याण्डमा पर्यटनको प्रचार गर्नका लागि ठूला भारतीय फिल्म निर्मातालाई बोलाएर न्युजिल्याण्डमा फिल्म सुटिङ गर्ने प्रस्ताव राख्दै सुटिङ गर्नेलाई होटलमा छुट, आन्तरिक हवाई खर्चको जिम्मासमेत लिने अफर दिइएको बताउँदै अग्रवालले नेपालमा पनि फिल्म सुटिङका छुट र अफर दिएर बोलाउन सकिने बताए ।

‘न्युजिल्याण्डले होटलमा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेसँगै भिसा शुल्क छुटदेखि अरू करहरू समेत छुट गराएपछि त्यो बेलामा १० वटाभन्दा बढी भारतीय फिल्मको सुटिङ भएको थियो,’ अग्रवालले भने, ‘त्यसपछि त्यहाँ भारतीय पर्यटकहरूको ओइरो लागेको थियो ।’

आफैंमा सुन्दर रहेको न्युजिल्याण्डलाई धेरै भारतीयहरूले मन पराएका कारण लाखौंको संख्यामा त्यहाँ घुम्न गएका थिए । न्युजिल्याण्डले सिनेमा टुरिजमका रुपमा विस्तार गर्न सफल भयो । नेपालमा आगामी दिन अझै थुप्रै सिनेमा छायांकनका लागि आउने सम्भावना छ । विदेशी सिनेमा नेपालमा व्यवस्थापन गर्ने मेगा एडभेन्चर इन्टरनेसनल प्रा.लि.का प्रबन्ध निर्देशक गणेश शर्माले बताए । एउटा पर्यटक नेपाल आएर फर्किनु र एउटा फिल्म छायांकन भएर रिलिज हुनुमा आकाशजमिनको फरक हुने उनले बताए ।

‘फिल्म भनेको देशका लागि फ्रि मार्केटिङ हो । त्यहाँ देखिएका दृष्यमा लोभिएर घुम्न आउने धेरै छन्,’ शर्माले भने, ‘नेपाल पर्यटन बोर्डले गर्ने प्रचार प्रसारभन्दा एउटा फिल्मको छायांकनले कैयौं गुणा प्रभावकारी हुन्छ।’ अल्टिच्युड एयरका कार्यकारी अध्यक्ष निमानुरु शेर्पाले विदेशी फिल्मलाई नेपालमा सहज रुपमा छायांकन गर्न आउन सक्ने वातावरण बनाउन सके पर्यटन क्षेत्रले ठूलो फड्को मार्ने बताउँछन् । रास्वपाको बाचापत्रमा ५० लाख पर्यटक ल्याउने घोषणालाई कार्यन्वयनका लागि विदेशी मुभी छायांकनको हब बनाउन अति आवश्यक रहेको उनले बताए ।

**कसरी हुन्छ फाइदा ?**

केही वर्षअघि बलिउड चलचित्र उचाईको छायांकन नेपालमा भएको थियो । त्यो बेला भारतीय चर्चित कलाकार सम्मिलित उचाई टिम एक महिना नेपाल बस्दा उनीहरुले गरेको खर्च मात्र होइन । नेपालको पर्यटनको पनि प्रचार प्रसारमा सघाउ पुगेको थियो। नेपालमा सुटिङ हुँदा मात्र हैन रिलिज भएपछि झनै चर्चा भयो। र, अहिले धेरै भारतीयहरू सगरमाथा क्षेत्रमा आइरहेका छन् ।

पर्यटन क्षेत्रका लागि यो पहिलो सुखद् पल थियो । सुरज बडजात्याको निर्देशन रहेको ‘उचाई’ मा बलिउडबाट अनुपम खेर, परिणिती चोपडा, बोमन इरानी र सारिका हसनसहित करिब तीन सय जनाको टिम नेपाल आएका थिए । बलिउड कलाकार नेपाल आएसँगै नेपालको विभिन्न स्थलहरुको फोटो तथा भिडियो सामाजिक सञ्जालमा सेयर गरेका थिए ।

मुख्य कलाकारमध्येका अनुपम खेर, परिणिती चोपडा र बोमन इरानीले दैनिकजसो काठमाडौं, खुम्बु र मनाङ क्षेत्रका तस्बिरहरू आफ्नो लाखौं फ्लोअर्स भएका सामाजिक सञ्जालमा सेयर गर्दा नेपालको प्रचार प्रसारमा सघाउ पुगेको थियो ।

उनीहरुले सेयर गरेको फोटो र भिडियोले विश्वभर रहेका करोडौं फ्यान फलोइङले नेपालको विषयमानजिकबाट बुझ्ने मौकासमेत पाए। एक महिनासम्म नेपालसहित भारतीय मिडियाहरुले समेत उनीहरुले सेयर गरेका तस्बिरहरू र उनीहरुको गतिविधिलाई प्रकाशन र प्रशारण गरे । जसका कारण नेपालको विश्वभर निःशुल्करुपमा प्रचारप्रसार भएको पाईन्छ ।

उचाई फिल्मको छायांकन नेपालमा लुक्ला, नाम्चे हुँदै मनाङ पुगेर गरिएको थियो। बिग बजेटमा निर्माण भएको सो फिल्मले नेपाललाई रोज्नुले पनि नेपाल सिनेमा छायांकनका लागि प्राकृतिक सेट भन्ने पुष्टि गरेको छ ।

कस्तो छ मुख्य समस्या?

विदेशी सिनेमालाई भर्जिन लोकेसन वा विषय सान्दर्भिक लोकेसन आवश्यक भएर नेपाल छिर्न थालेपछि छायांकन सकिएपछि सिनेमा पर्यटनलाई पनि बिशेष प्राथमिकतामा राख्न जरुरी छ, जसको फाईदा नेपालले उठाउनेछ ।

## प्रधानमन्त्री कार्यालयको नाम दुरुपयोग गरी धम्की

काठमाडौं/प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दैलेखको दुल्लु नगरपालिका-१३ का वडा सचिव कमल भण्डारीलाई फोन मार्फत् धम्की दिने व्यक्तिलाई कारबाही प्रक्रिया अगाडि बढाइएको जनाएको छ ।

कार्यालयका प्रवक्ता सहस–चिव हेमराज अर्यालद्वारा शनिबार जारी विज्ञप्तिमा प्रकाश खड्का नाम गरेका व्यक्तिले प्रधानमन्त्री कार्यालयको नाम दुरुपयोग गर्दै अभद्र भाषा प्रयोग गरी धम्की दिएको ‘अडियो’ सार्वजनिक भएपछि सम्बन्धित सुरक्षा तथा अनुसन्धान निकायलाई तत्काल कानुनी कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिइएको उल्लेख छ ।

कार्यालयले कानुन तथा स्थापित प्रशासनिक प्रक्रियाअनुसार आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका राष्ट्रसेवक कर्मचारीमाथि भय र त्रास सिर्जना गर्ने, अमर्यादित व्यवहार गर्ने तथा दबाब दिने गतिविधि पूर्णतः निन्दनीय र अक्षम्य रहेको जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, “सम्माननीय प्रधानमन्त्री सुशासन, विधिको शासन तथा राष्ट्रसेवक कर्मचारीको व्यावसायिक सुरक्षा र उच्च मनोबलका पक्षमा दृढ हुनुहुन्छ ।

साथै, विधिको शासन– लाई चुनौती दिने जो-कोहीलाई कानुनबमोजिम कडा कारबाही गर्न कार्यालय प्रतिबद्धता छ ।

## भिडियो गेमको लत : खाना बिर्सने, मोटाउने र नसुत्ने खतरा



काठमाडौं/हप्तामा दश घण्टा भन्दा बढी भिडियो गेम खेल्दा युवाहरूको आहार, निद्रा र शरीरको तौलमा उल्लेखनीय असर पर्न सक्ने एक अध्ययनले देखाएको छ ।

अष्ट्रेलियाको कर्टिन युनिभर्सिटीको नेतृत्वमा र न्यूट्रिशनमा प्रकाशित अनुसन्धानले देशभरका पाँच विश्वविद्यालयका ३१७ जना विद्यार्थीहरूको सर्वेक्षण गरेको थियो, जसको औसत उमेर २० वर्षको रहेको कर्टिन युनिभर्सिटीले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । सहभागीहरूलाई निम्न (०-५ घण्टा प्रति हप्ता) मध्यम (५-१० घण्टा)र उच्च (१० घण्टाभन्दा) बडी खेलाडीहरूको रूपमा वर्गीकृत गरिएको थियो ।

शोधकर्ताहरूले कम र मध्यम समय खेल्नेहरूमा सामान्य स्वास्थ्य अवस्था तथा र साप्ताहिक १० घण्टाभन्दा बढी भिडीयो गेम खेल खेल्नेहरूमा आहार, निन्द्रा र तौललगायतमा नकरात्मक असर परेको जनाएका छन् । हप्तामा दश घण्टाभन्दा बढी तथा अत्यधिक भिडीयो गेम युवाहरूको लागि हानि कारक भएको कर्टिन स्कूल अफ पपुलेसन हेल्थका प्रोफेसर मारियो सिर्भोले बताएका छन् ।

विद्यार्थीहरूले हप्तामा १० घण्टासम्म खेल्दा आहार, निद्रा र शरीरको वजनको सन्दर्भमा सबै समान देखिएको जनाउदै सिर्भोले १०-घण्टाको सीमाभन्दा बढी खेल्ने-हरूमा स्पष्ट भिन्नताहरू देखा परेको बताएका छन् । हप्तामा १० घण्टाभन्दा बढी खेल खेल्ने विद्यार्थी हरूमा खराब आहार र उच्च मोटोपनको समस्या भएको तथा कम र मध्यम समय खेल्नेहरूमा सामान्य भएको अध्ययनले देखाएको छ । सबै अध्ययन समूहहरूले धेरै गेम खेल्नेहरूमा सामान्यतया खराब निद्राको गुणस्तरको रिपोर्ट गरेका छन् भने दश घण्टाभन्दा बढी खेल्नेहरूमा निद्रामा अवरोध भएको शोधकर्ताहरूले बताएका छन् ।

अध्ययनले स्वस्थ दिनचर्या अपनाउने बारेमा सुझाव दिँदै राती अबेरसम्म गेम नखेल्न र स्वस्थ खानेकुराको सेवन गरी स्वास्थ्य जोखिमहरू कम गर्न सुझाएको जर्नलमा उल्लेख गरिएको छ ।

## जङ्गली च्याउ खाँदा चितवनमा थप एकजनाको मृत्यु



जङ्गली च्याउ खाँदा मृत्यु हुनेको संख्या दुई पुगेको छ । इच्छाकामना गाउँपालिका-१ कुलबाङगका दुईजनाको मृत्यु भएको हो । मृत्यु हुनेमा ९ वर्षीया नमुना चेपाङ र ११ वर्षीय सञ्जय चेपाङ रहेका छन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार नमुनाको जेठ १ गते मृत्यु भएको हो भने सञ्जयको शनिबार राति उपचारका क्रममा मृत्यु भएको हो ।

वैशाख २९ गते श्यामबहादुर चेपाङको पाँच जना परिवारले जंगली च्याउ खाएका थिए। जसमध्ये तीन जना जेठ १ गते बिरामी परी उपचारका लागि भरतपुर अस्पताल ल्याइएको हो ।


उपचारका क्रममा नमुनाको मृत्यु भएको थियो । १३ वर्षीया मनिता चेपाङको अहिले भरतपुर अस्पतालमा उपचार भइरहेको छ। बिरामी मनिताको अवस्था गम्भीर रहेको उनले जानकारी दिए ।








आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।

**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# विद्युतीय चुल्होमा अनुदान दिने सरकारको रणनीति



सन्देश संवाददाता

काठमाडौं/आर्थिक वर्ष २०९२/९३ सम्म खाना पकाउने एलपी ग्यासको अनुदान खारेजी गरेर विद्युतीय चुल्होमा अनुदान उपलब्ध गराउने योजनाका साथ सरकारले ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ सार्वजनिक गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आम जनताको सुझावका लागि सार्वजनिक गरेको सो रणनीतिले खाना पकाउने एलपी ग्यासको प्रयोग क्रमशः घटाउँदै न्यून गर्ने लक्ष्य राखेको छ। विद्युतीय चुल्होमा अनुदान दिने र स्वच्छ ऊर्जाको खपत बढाउने लक्ष्यका साथ सरकारले सो रणनीति सार्वजनिक गरिएको ऊर्जा मन्त्रालयले स्पष्ट पारेको छ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको नौ महिनामा रु ४१ अर्ब ६५ करोड बराबरको खाना पकाउने ग्यासको आयात भएको छ। सो अवधिमा कूल ४१ लाख मेट्रिक टन ग्यास आयात भएको छ। आव २०८१/८१ मा कूल रु ६२ अर्ब ५८ करोड बराबरको ग्यास आयात भएको थियो। सो आवमा ५५ लाख मेट्रिक टन ग्यास आयात भएको थियो। यस्तै आव २०८०/८१ मा रु ५५ अर्ब बराबरको ग्यास आयात भएको थियो।

नेपाल आयल निगमका अनुसार चालु आवमा मासिक ४८ हजार मेट्रिकटन बराबरको ग्यास आयात हुने गरेको छ। निगमको पछिल्लो विवरणलाई आधार मान्दा प्रतिसिलिण्डर ३३१ दशमलव २५ रूपैयाँ घाटा हुने गरेको छ। निगमले हाल प्रतिसिलिण्डर रु दुई हजार १६० मा बिक्री गर्दै आएको छ।

विप्रेषणबाट भित्रिएको ठूलो रकम वर्षेनी खाना पकाउने ग्यासका लागि खर्च हुने गरेको छ। यो रकम जोगाउन र स्वदेशमा नै राख्ने उद्देश्यका ऊर्जा मन्त्रालयले ऊर्जा खपत बृद्धि तथा निर्यात रणनीति, २०८३ तय गरेको हो। सो कार्यका लागि उद्योग मन्त्रालयलाई जिम्मेवार निकाय तय गरिएको छ। अर्थ मन्त्रालय र ऊर्जा मन्त्रालयले आवश्यक समन्वय गरेर आव २०९२/९३ सम्म पूरा गर्नेगरी समयसीमा निर्धारण गरिएको छ।

नेपाल विद्युत् प्राधिकरणले यसअघि नै खाना पकाउने विद्युतीय चुल्हो प्रयोगको अभियान अगाडि बढाएको छ। स्थानीय तहहरूले पनि यसलाई प्रभावकारी रूपमा अगाडि बढाएका छन्। जनस्वास्थ्य र मुलुकको आर्थिक स्वास्थ्यका लागि पनि विद्युतीय चुल्होको प्रयोगलाई बढावा दिन लागिएको सो रणनीतिमा उल्लेख छ।

विद्युतीय चुल्होको प्रयोग बढाउन प्राधिकरणले प्रसारण लाइनको क्षमता बृद्धि, ट्रान्सफर्मर तथा प्रसारण सञ्जालको आधुनिकीकरण गर्दै लगेको छ। त्यसका लागि ऊर्जा मन्त्रालयले नै थप विशिष्ठ कार्यक्रम अगाडि सारेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा खपत बृद्धि तथा निर्यात रणनीति, २०८३ लाई थप वस्तुनिष्ठ र वैज्ञानिक बनाउन मातहतका निकायलाई यसअघि नै निर्देशन दिइसकेका छन्।

ऊर्जा मन्त्रालयका अनुसार हालसम्म देशभरको कूल जडित क्षमता चार हजार दुई सय ९६ मेगावाट बराबर पुगेको छ। चालु आवको अन्त्यसम्म चार हजार ५०० मेगावाट बराबर विद्युत् उत्पादन पुग्नेछ। प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट बराबर पुगेको छ।


यस्तै, विद्युत् निर्यात कूल दुई हजार ९१८ गिगावाट बराबर रहेको सन्दर्भमा सरकारले आन्तरिक रूपमा बिजुली खपत बढाउनका लागि विद्युतीय चुल्होको प्रयोगमा बढावा दिन लागेको हो। पेट्रोल पम्पहरूमा चार्जिङ स्टेशन र सार्वजनिक सवारी साधनहरू समेत विद्युतीय सवारी साधनको प्रयोगमा बढावा दिने नीति लिइएको छ।

त्यसका लागि देशभर व्यापक रूपमा चार्जिङ स्टेशन निर्माण गर्ने नीति अगाडि सारिएको छ। प्राधिकरण र निजी क्षेत्रलाई समेत सक्रिय बनाउने योजना तय गरिएको छ। सो कार्यको संयोजन प्राधिकरणले गर्नेछ भने अन्य आवश्यक प्रबन्ध भौतिक पूर्वाधार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ।

निश्चित दूरीमा देशभर चार्जिङ स्टेशनको सञ्जाल विस्तार गरिएपछि विद्युतीय सवारी साधनको प्रयोगमा थप बढोत्तरी हुनेछ। सो कार्यका लागि आव २०८५/८६ सम्म पूरा गर्ने समयसीमा तय गरिएको छ।

चार्जिङ स्टेशनको विस्तारका साथ साथै प्रमुख शहरहरूमा विद्युतीय बस सञ्चालन गरिनेछ। ट्रली बस सञ्चालन गरी आन्तरिक रूपमा बिजुली खपत क्षमता बृद्धि हुनेछ। कोइला बोयलरलाई पनि विद्युतीय बोयलर र भट्टीले प्रतिस्थापन गर्ने नीति अख्तियारी लिइएको छ। कृषि क्षेत्रलाई आधुनिक बनाउनका लागि विद्युत् महसुलमा छुट दिने र शतप्रतिशत विद्युतीय सिँचाइ पम्पमा परिणत गर्ने ऊर्जा मन्त्रालयको योजना छ। यसबाट डिजेलको खपत कम हुँदै जाने र आन्तरिक बिजुलीको खपत बढ्नेछ।

# अनकूल बन्दै यस वर्षको मनसुन, नेपाल कहिले भित्रिएला ?





सन्देश संवाददाता

वीरगञ्ज/यस वर्षको मनसुन सामान्यभन्दा करिब एक हप्ता अगावै सुरु भएको छ। नेपाल भित्रिन भने अझै केही हप्ता लाग्ने अनुमान छ।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले शनिबार जारी गरेको प्रेस विज्ञप्ति अनुसार यस वर्षको मनसुन १६ मेदेखि दक्षिण-पूर्वी अरब सागर, दक्षिण-पश्चिम र दक्षिण-पूर्वी बङ्गालको खाडीका विभिन्न भागहरूमा फैलिएको छ। यसका साथै मनसुन निकोबार द्वीप समूह र श्री विजयपुरम सहित अन्डमान द्वीप समूहका केही हिस्साहरूमा समेत अगाडि बढिसकेको छ।

मौसमविदहरूका अनुसार आगामी ३-४ दिनभित्र मनसुन दक्षिण-पूर्वी अरब सागर, बङ्गालको खाडी र अन्डमान क्षेत्रका बाँकी भागहरूमा थप विस्तार हुनका लागि परिस्थिति अनुकूल बनेको छ। भारतको मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार आगामी २६ मेसम्ममा केरल राज्यमा मनसुन आगमन हुने सम्भावना छ। भारतमा सबैभन्दा पहिले केरलमा मनसुन भित्रिन्छ र विस्तारै देशभर फैलिन्छ। त्यही क्रममा पूर्वी भेगबाट नेपालमा पनि प्रवेश गर्छ। सामान्यतया भारतमा मनसुन भित्रिएको हप्ता-दश दिनभित्र नेपालमा मनसुन आइपुग्छ। तर सधैं यस्तै अवस्था हुन्छ भन्न नसकिने मौसमविदहरु बताउँछन्।

वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार मनसुन भित्रिएको घोषणा गर्न विभिन्न पारामिटरहरु हेर्ने गरिन्छ। ‘सामान्यरुपमा बुझ्दा मनसुन भित्रिन अहिले नेपालमा कायम पश्चिमी वायुको प्रभावलाई पूर्वी वायुले विस्थापित गर्नुपर्छ,’ वरिष्ठ मौसमविद पौडेल भन्छन्, ‘त्यसबाहेक एन्टी साइक्लोन (तिब्बतीयन हाई) अलिकति माथितिर (उत्तरतिर) सर्नुपर्छ, नेपालको उपल्लो वायुमण्डलको अवस्था कस्तो छ, यस्ता थुप्रै प्राविधिक कुराहरु हेरेर मनसुन भित्रिएको हो कि होइन भनेर निष्कर्ष निकालिन्छ।’

जुनदेखि सेप्टेम्बर महिनासम्मको अवधिलाई मनसुनको अवधि मानिन्छ। सामान्यतया नेपालमा जुन १३ तारिखदेखि मनसुन सुरु भएर अक्टुबर २ तारिखमा बाहिरिन्छ। यो अवधिमा नेपालमा वर्षभरी हुने वर्षाको ८० प्रतिशतसम्म वर्षा हुने गर्दछ। यसले बाढी, पहिरो, डुबान र कटानले जनधनको क्षति हुने गरेको छ। यस वर्ष नेपालमा सरदरभन्दा कम वर्षा र सरदरभन्दा बढी गर्मी हुने आकलन गरिएको छ। तर कुनै कुनै ठाउँमा भारी वर्षा पनि हुने भएकाले सतर्कता अपनाउनुपर्ने मौसमविदहरु बताउँछन्।

भारतमा विभिन्न स्थानमा भारी वर्षा, हुरी र गर्मीको चेतावनी

विभागले भारतका केही ठाउँमा भारीदेखि धेरै भारीसम्म वर्षा हुने र केही ठाउँमा तातो लहरको सम्भावना रहेको जनाएको छ। आगामी ३-४ दिनमा अन्डमान र निकोबार द्वीप समूह, पश्चिम बङ्गाल, सिक्किम, तमिलनाडु, पुडुचेरी, कराइकल, केरल र दक्षिण कर्नाटकका केही स्थानहरूमा छिटपुटदेखि भारी र धेरै भारी वर्षाको सम्भावना छ।

उत्तर-पश्चिमी भारत र मध्य भारतका मैदानी इलाकाहरूमा भने यस हप्ताका धेरैजसो दिनहरूमा तातो हावाको लहर (लु) को स्थिति कायम रहने चेतावनी दिइएको छ। यस वर्षको मनसुन अवधिमा सरदरभन्दा कम वर्षा र बढी गर्मीको पूर्वानुमान छ। यद्यपि कुनै कुनै ठाउँमा भने भारी वर्षा हुने सम्भावना छ।

दिल्लीमा मे २२ सम्म गर्मी बढ्ने सम्भावना

दिल्लीमा यस हप्ता मे २२ सम्म अत्यधिक गर्मी हुने सम्भावना छ। बितेको दिन यहाँको अधिकतम तापमान ४०.८ डिग्री र न्यूनतम तापमान २४.८ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो। आज मे १७ (आइतबार) दिल्लीमा आंशिक रूपमा बादल लागेको छ। दिउँसो वा साँझपख मेघगर्जनसहित पानी पर्ने सम्भावना छ। यस क्रममा ४० किमी प्रतिघण्टासम्म हावा बहने अनुमानसमेत छ। आगामी ३ दिनमापछि भने तापक्रममा खासै ठूलो परिवर्तन नहुने पूर्वानुमान छ। उत्तर-पूर्वी र दक्षिण भारतमा भारी वर्षाको अलर्ट मनसुनको प्रभावले उत्तर-पूर्वी भारतका नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, अरुणाचल प्रदेश, असम र मेघालयका विभिन्न स्थानमा आज मे १७ का दिन र पुनः मे २० देखि २२ को बीचमा भारी वर्षा हुने पूर्वानुमान गरिएको छ। यसका साथै मेघगर्जन र चट्याङसहित ४०-५० किमी प्रतिघण्टाको गतिमा हावाहुरी चल्ने सम्भावना पनि छ।

दक्षिण भारतमा मे २० सम्म केरल, माहे, लक्षद्वीप, रायलसीमा, तटीय आन्ध्र प्रदेश, यनम, दक्षिणी आन्तरिक कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि भारी वर्षाको सम्भावना छ। यस अवधिमा ५०-६० किमी प्रतिघण्टादेखि लिएर ७० किमी प्रतिघण्टाको रफ्तारमा हावाहुरी चल्न सक्ने चेतावनी जारी गरिएको छ। पूर्वी र उत्तर-पश्चिम भारतमा वर्षाको चेतावनी पूर्वी भारतमा मे २२ सम्म अण्डमान निकोबार द्वीप समूह, उप-हिमालयी पश्चिम बङ्गाल, सिक्किम, गङ्गाको मैदानी क्षेत्र (पश्चिम बङ्गाल), बिहार, झारखण्ड र ओडिसाममा केही स्थानमा हल्का तथा केही स्थानमा निकै भारी वर्षा हुन सक्ने अनुमान छ। यहाँ पनि ५० देखि ७० किमी प्रतिघण्टाको गतिमा हावाहुरी चल्ने चेतावनी दिइएको छ।

उत्तर-पश्चिम भारतको जम्मु-कश्मीर र उत्तराखण्डमा मे २० सम्म मेघगर्जन, चट्याङ र तीव्र हावाहुरी (४०-५० किमी प्रतिघण्टा) सहित वर्षाको सम्भावना छ। मध्य भारतको पूर्वी मध्य प्रदेश, छत्तिसगढ, मध्य महाराष्ट्र र मराठवाडामा मे २० सम्म हल्का वर्षा हुन सक्ने चेतावनी दिइएको छ। राजस्थान र उत्तरप्रदेशमा लुको चेतावनी पश्चिमी राजस्थानमा मे १७ देखि २२ को बीचमा लू चल्ने सम्भावना छ। मे २१ र २२ मा केही इलाकामा लूको प्रकोप अत्यधिक रहन सक्ने चेतावनी दिइएको छ।

नेपालसँग सीमा जोडिएको भारत उत्तर प्रदेशमा मे १७ देखि २२ को बीचमा लू चल्ने र मे १९ देखि २२ को बीचमा स्थिति झन् भयानक हुन सक्ने आशंका छ। मध्यप्रदेशको पश्चिमी क्षेत्रमा मे १७ देखि २० सम्म तथा पूर्वी मध्य प्रदेश र विदर्भमा मे १७ देखि २२ सम्म लूको प्रकोप रहनेछ।

पञ्जाब, हरियाणा, चण्डिगढ र दिल्लीमा मे १८ देखि २२ को बीचमा तथा छत्तिसगढमा मे २० देखि २२ को बीचमा अत्यधिक उकुसमुकुस र कडा गर्मी हुने प्रबल

# सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन सुरु, को-को छन् रेड जोनमा ?

सरकारले सार्वजनिक पदमा रहेका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न आयोग गठन गरेपछि छानबिनको दायरामा को-को पर्छन् भनेर आमचासो छ। आयोगले छानबिनको दायरामा पर्ने व्यक्तिहरूलाई सम्पत्ति विवरण बुझाउन ३१ वैशाखमा सूचना जारी गरिसकेको छ। सार्वजनिक पदमा रहेका राजनीतिज्ञ तथा कर्मचारी तथा उनीहरूका परिवारसमेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण संकलन गरी छानबिन गर्ने तयारी आयोगले गरेको छ।

आयोगले पहिलो चरणमा आर्थिक वर्ष २०६२/६३ देखि २०८२/०८३ चैत मसान्तसम्मका राजनीति पदाधिकारी र कर्मचारीहरूको सम्पत्ति विवरण छानबिन गर्न लागेको हो। को-को पर्छन् छानबिनको दायरामा ? तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, सांसदहरूको सम्पत्ति छानबिन गर्ने उल्लेख गरिएको छ। त्यसैगरी प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, प्रदेश सांसदहरूको पनि सम्पत्ति छानबिन गर्ने उल्लेख गरिएको छ। महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ता, साविकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका प्रमुख, उपप्रमुख पनि छानबिनको दायरामा पर्नेछन्।

राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिको पदका निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानवअधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी पनि छानबिनको दायरामा तानिने भएका छन्। कार्यालय प्रमुखको पदमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहका कर्मचारी पनि पर्ने भएका छन्।

त्यसैगरी, नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशकदेखि प्रचलित कानुनबमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छानबिनको दायरामा पर्नेछन्।

नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालकदेखि नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठानलगायत निकायका पदाधिकारी र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी छानबिनको दायरामा पर्ने भएका छन्।

त्यसैगरी राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, सरकारका मन्त्री वा प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीहरू वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्तै पदमा रहेका व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक वा सुविधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त नभई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारीहरूको पनि छानबिन गरिने भएको छ।

त्यसैगरी, नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारीदेखि पूर्वन्यायाधीशहरू तथा नेपाली सेनाका सेवानिवृत्त राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका अधिकृतहरू पनि छानबिनको दायरामा पर्नेछन्। तर, बहालवाला न्यायाधीश वा नेपाली सेना वा यस आयोगको कार्यक्षेत्रमा नपरेका अन्य पदाधिकारी वा कर्मचारीको हकमा भने उजुरी प्राप्त भएमा मात्र अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउने भनी उल्लेख गरिएको छ। उल्लिखित पदाधिकारीहरूको पैतृक तथा आफ्नो पालामा आर्जित चल सम्पत्ति र त्यसका स्रोतहरू (तलब, भत्ता, विदेश भ्रमण, घरजग्गा, शेयर कारोबार, वित्तीय संस्थाबाट लिएको ऋण, कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा विप्रेषणलगायतबाट प्राप्त आय तथा व्यय) र सो पुष्टि हुने कागजात आयोगबाट निर्धारित सम्पत्ति विवरण फारमसाथ यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस आयोगमा आफैं वा आफ्नो प्रतिनिधिमार्फत, हुलाकमार्फत वा आयोगको इमेल ठेगानामा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ।

उल्लेख गरिएअनुसारको सम्पत्ति विवरण बुझाउँदा भर्नुपर्ने फारम यस आयोगबाट प्राप्त गर्न वा आयोगको वेबसाइटबाट डाउनलोड गर्न सकिने व्यवस्था उल्लेख गरिएको छ। छानबिन गरिने पदाधिकारी र कर्मचारीको व्यक्तिगत तथा सार्वजनिक मर्यादामा खलल नपुग्ने गरी गोप्य रूपमा छानबिन र अनुसन्धान गरिने भनी राजपत्रमा प्रकाशित सूचनामा उल्लेख गरिएको छ।

सम्बन्धित व्यक्तिहरूले तोकिएको अवधिभित्र सम्पत्तिको विवरण नबुझाएमा कानुनबमोजिम हुने व्यहोरासमेत सूचनामा उल्लेख गरिएको छ। सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा बनेको आयोगका सदस्यहरूमा पुनरावेदन अदालतका पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली र उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक (डीआईजी) गणेश केसी र नेपाल चार्टर्ड अकाउन्टेन्ट्स संस्था (आईक्यान) का पूर्वअध्यक्ष प्रकाश लम्साल छन्।

आयोगको कार्यप्रणाली

जाँचबुझ ऐन २०२६ बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी पाएको यस आयोगको कार्यसम्पादन सर्त (टीओआर) समेत स्वीकृत भइसकेको छ। आयोगको कार्यावधि आयोगले काम सुरु गरेको मितिले एक वर्षको हुनेछ भन्ने व्यवस्था गरिएको छ। आयोगले पूर्ण रूपमा स्वतन्त्र र निष्पक्ष ढंगले कार्य गर्ने प्रतिबद्धता जनाउँदै कसैको दबाब वा प्रभावमा नपरी जिम्मेवारी पूरा गर्नुपर्नेछ। आयोगले लिखित, मौखिक, विद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट पनि उजुरी संकलन गर्नेछ। आयोगले आफ्नो कार्यसम्पादनको क्रममा यसअघि गठन भएका आयोग, समिति वा निकायले पेस गरेको छानबिनसम्बन्धी प्रतिवेदन, तथ्यांक, सिफारिसलाई आधार सामग्रीको रूपमा उपयोग गर्न सक्नेछ।

# हेटौँडामा जे एन्ड बी बारिस्टा एकेडेमी सञ्चालनमा



सन्देश संवाददाता

हेटौडा/हेटौँडा-४ स्थित स्कुल रोडमा व्यावसायिक सीपमूलक तालिम प्रदान गर्ने उद्देश्यले ‘जे एन्ड बी बारिस्टा एकेडेमी’ सञ्चालनमा आएको छ। एकेडेमीको पूर्वसांसद एवं वरिष्ठ अधिवक्ता रामनारायण बिडारी र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) बागमती प्रदेशका कार्यकारी निर्देशक शान्ति लामाले संयुक्त रूपमा उद्घाटन गरेका छन्।

एकेडेमीका सञ्चालक युवा उद्यमी जगदीश बिडारीले वैदेशिक रोजगारीका क्रममा आठ वर्ष कफी क्षेत्रमा काम गरेर फर्किएपछि हेटौँडामा विगत ४ वर्षदेखि ‘जे एन्ड बी कफी’ सञ्चालन गर्दै आएका थिए। उनले सीटीईभीटीसँगको समन्वयमा बारिस्टा तालिम र कफी सपमार्फत थप युवालाई सीप र रोजगारीसँग जोड्ने उद्देश्यले एकेडेमी सञ्चालनमा ल्याएको बताए। विदेशमा गर्ने मेहनत स्वदेशमै गर्दा आम्दानी र आत्मसन्तुष्टि दुवै मिल्ने उनको अनुभव छ।

पछिल्लो समय युवा पुस्तामा बारिस्टा लगायतका सीपप्रति आकर्षण बढेको र वैदेशिक रोजगारीमा जान चाहनेका लागि समेत यो उपयोगी हुने भएकाले करिब १५ लाख रुपैयाँको लगानीमा एकेडेमी सुरु गरिएको हो। उद्घाटनका अवसरमा वरिष्ठ अधिवक्ता बिडारीले विदेशमा सिकेको ज्ञान र सीपलाई स्वदेशको विकासमा लगाउनु सकारात्मक भएको भन्दै उद्यमी युवालाई समाजले प्रोत्साहन गर्नुपर्नेमा जोड दिए।

सीटीईभीटी बागमती प्रदेशकी कार्यकारी निर्देशक लामाले नयाँ व्यवसायको सफलताको शुभकामना दिँदै यसले सुगन्धित सम्भावनाको विस्तार गर्ने विश्वास व्यक्त गरिन्। एकेडेमीमा बारिस्टा, बारटेन्डर, सुशी, बेकरी, पिज्जा, कुकिङ, हाउसकिपिङ, तन्दुर, बर्गर र स्यान्डविच सम्बन्धी १५ दिनदेखि ३ महिनासम्मका तालिमहरू सञ्चालन गरिनेछन्।

सञ्चालक बिडारीका अनुसार एकेडेमीले सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरेर सीपमूलक कार्यक्रम सञ्चालन गर्नुका साथै वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई


## !! कर्मचारी आवश्यकता !!

*प्रथम पटक प्रकाशित मिति २०८३ जेष्ठ १ गते*

मानव संशाधन निति २०७६ को दफा २.११.४ बमोजिम

**यस संस्थाको सञ्चालक समितिको मिति २०८३ बैशाख ०८ गते बसेको बैठकको निर्णयबमोजिम यस संस्थामा रिक्त रहेको निम्न लिखित पदहरुमा निम्न योग्यता भएका कर्मचारीहरु खुला प्रतिस्पर्धाको आधारमा पदपुर्ति गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सो दिन बिदा परेमा सो मितिको भोलिपल्ट कार्यालय समयमा ईच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।**

| क.स | बिज्ञापन नं. | पद | माग संख्या | शैक्षिक योग्यता | बिशेष दक्षता |
|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | व्यवस्थापक तलव स्केल४५८५१/ प्रमुख भत्ता ५०००/**सातौ तह** (४ वर्षे करार) | १ | व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उर्तिण गरि सहकारी/बैक/बित्तिय संस्थामा कम्तिमा ५ बर्ष काम गरेको अनुभव। | Nepali Typing,Microsoft Word/Excel/Power Point & Computer मा दखल भएका कम्प्युटर डिप्लोमा गरेको ,लेखा सम्बन्धी तालिम र जानकारी भएको। |
| २ | ०२/०८२/०८३ | बजार प्रतिनिधी दोस्रो तह (करार) | २ | एस ई ई उर्तिण | कम्प्युटर सम्बन्धि ज्ञान भएको, |

**उमेर** : १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको।

**मोटरसाईकल स्कुटर चालक अनुमती पत्र प्राप्त गरेको हुनुपर्नेछ।**

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू** :

१: हस्तलिखित निवेदन। २: नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
३: शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी। ४: व्यक्तिगत विवरण (बायोडाटा)।
५: सम्बन्धित कामको अनुभव प्रमाणपत्रको प्रतिलिपी।
६: मोटरसाईकल/स्कुटर चालक अनुमती पत्रको प्रतिलिपी।
७: हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रती।
८: परिक्षणकालिन अबधी ६ महिनाको रहनेछ।

**छनौट प्रक्रिया** : लिखित मौखिक तथा अन्तर्वार्ता।
**तलव सुबिधा** : संस्थाको नियमानुसार हुनेछ।
**दरखास्त दस्तुर** : बिज्ञापन नं. ०१ को लागि रु. १५००/- अन्य रु.५००/-
**सम्पर्क मिति** : २०८३ जेष्ठ १९ गते
**परिक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ।
**थप सुविधा** : सामाजिक सुरक्षा कोष पर्व बोनस आदि।

**सम्बन्धित क्षेत्रमा अनुभव प्राप्तलाई बिशेष प्राथमिकता दिईनेछ।**

**मोनिका पौडेल संयोजक**
**पदपुर्ती उप समिति**

**हेटौँडा बचत तथा ऋण सहकारी संस्था लि**
Hetauda Saving & Credit Co-Operative Ltd.
केन्द्रिय कार्यालय : हेटौँडा ,७ नागस्वती
स्थापित २०५६
NEFSCUN



## गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,

बनाऔं।

- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

*गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## आकर्षक घडेरी बिक्रीमा

हेटौँडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौँडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६



## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौँडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।






प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६. ।। E-mail: *htd.sandesh@gmail.com,* ।। सम्पादक: माधव न्यौपाने